# लेटाङ  नगरपालिका

# स्थानीय राजपत्र

खण्डः९  संख्याः५  मितिः२०८२।०४।३०

## भाग -२

## लेटाङ नगरपालिका

# लेटाङ नगरपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि,२०८१

लेटाङ नगरपालिका, मोरङ

# लेटाङ नगरपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि,२०८१

**कार्यपालिकाबाट स्वीकृत मिति :- २०८१।१२।२६ गते सोमबार**

**प्रमाणिकरण मिति :- २०८१।१२।२६ गते सोमबार**

**प्रस्तावना**

लेटाङ नगरपालिकाका क्षेत्र भित्र कृषिलाई व्यावसायिकरण गरी नाफामुलक सम्मानित पेशाको रुपमा स्थापित गर्दै यस क्षेत्रमार्फत रोजगारीका अवसरहरू सृजना गरी सुदृढ ग्रामिण अर्थतन्त्र बनाउन कृषि व्यावसाय अगालेका वा भविश्यमा अगाल्ने आर्थिक तथा प्राविधिक सहयोग नपुगेका तथा आर्थिक स्थिती कमजोर भएका सङ्गगठित तथा असङ्गठित कृषकहरूको कृषि कार्यक्रम मार्फत आर्थिक स्थितिमा सुधार ल्याउन,स्वरोजगारमा वृद्धि गर्दै कृषिजन्य उत्पादनमा नगरपालिकालाई आत्मनिर्भर बनाई निर्यात योग्य वस्तुको रुपमा रुपान्तरण र बिनियोजित बजेटलाई व्यावस्थित,पारदर्शी र जवाफदेही ढंगले कार्यान्वयन गरी लेटाङ नगरपालिकाको दिर्घकालिन सोच र समष्टिगत लक्ष्य पूरा गर्न नगरकार्यपालिकाले कृषि विकास कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि,२०८१ स्वीकृत गरि लागु गरेको छ।

## परिच्छेद -१ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यबिधिको नाम "कृषि विकास कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि,२०८१" रहेको छ।

(२)यो कार्यबिधि लेटाङ नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषा :-** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा;-

क) **"अनुदान"** भन्नाले यस कार्यावधि अनुरुप सञ्चालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्ध गराइने रकम वा जिन्सी सामग्रीलाई सम्झनु पर्दछ।

ख) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि अनुसार अनुदान प्राप्त गर्ने कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि तथा बुउद्देश्यिय सहकारी संस्था/उपभोक्ता समिति आदीलाई सम्झनु पर्दछ।

ग) **"आर्थिक विकास समिति"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम कार्यपालिकाबाट गठित नगरपालिका स्तरीय आर्थिक विकास समिति सम्झनु पर्दछ।

घ) **"कम्पनी "** भन्नाले व्यवसाय गर्न चाहने व्यक्ति वा समूहले प्रचलित कम्पनी कानून अनुरुप दर्ता भएका संस्थालाई सम्झनु पर्दछ।

ङ) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने कृषि विकास कार्यक्रम सम्झनु पर्दछ ।

च) **"कार्यालय"** भन्नाले लेटाङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ। सो शब्दले वडा समितिको कार्यालय समेतलाई जनाउछ।

छ) **"कृषक"** भन्नाले कृषि उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तिलाई तथा किसान सूचिकरण कार्यक्रम २०८१ मार्फत किसान परिचय प्राप्त गरेका साथै कृषि कार्यमा संलग्न रही निजि कृषि फर्म/कृषक समूह/कृषि सहकारीमा आवद्ध भएका परिभाषित ब्यक्ती सम्झनु पर्दछ।

ज) **"कृषि विकास शाखा"** भन्नाले लेटाङ नगरपालिका नगरकार्यपालिका अन्तरगत रहेको कृषि विकास शाखा सम्झनु पर्दछ ।

झ) **"कृषक समूह"** भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरू भएका न्यूनतम् १५ वा सो भन्दा बढी व्यक्तिहरू मिलि सामूहिक साझा

उद्देश्यहरू प्राप्त गर्न साविकको जिल्ला कृषि विकास कार्यालय तथा नगरपालिकामा दर्ता भएका लेटाङ नगरपालिका भित्रका कृषक समूह सम्झनु पर्दछ।

ञ) **"कृषि सहकारी"** भन्नाले विगत सहकारी डिभिजन कार्यालय तथा जिल्ला कृषि विकास कार्यालय अन्तर्गत दर्ता भएका वा लेटाङ नगरपालिका भित्र रहेका सहकारी ऐन अनुरुप दर्ता भएका संस्था सम्झनु पर्दछ।

ट) **"कृषि सेवा केन्द्र"** भन्नाले लेटाङ अन्तर्गत बिभिन्न वडाहरूमा स्थापना भएका कृषि सेवा केन्द्रहरूलाई संझनुपर्दछ।

ठ) **"नगरपालिका"** भन्नाले लेटाङ नगरपालिका सम्झनु पर्दछ।

ड) **"फर्म"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको निजी क्षेत्रका व्यवसायी "उद्यमीको संस्थालाई सम्झनु पर्दछ।

ढ) **"शाखा"** भन्नाले कृषि विकास शाखालाई सम्झनु पर्दछ।

ण) **"स्वीकृत बार्षिक वजेट"** भन्नाले लेटाङ नगरपालिकाको चालु आ.व. लाई कृषि बिकास कार्यक्रम सञ्चालनको लागि तोकिएको बजेट रकम भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद -२ कृषि विकास कार्यक्रम

**३. नगरपालिकामा यस दफा बमोजिम कृषि विकास कार्यक्रम सञ्चालन हुने छ सञ्चालन बिधि र क्षेत्रअनुसार देहाय बमोजिम हुनेछः**

क) कृषि प्रसार तथा तालिम सेवा कार्यक्रम।

ख) वागवानी(तरकारी,फलफुल तथा कृषि वन, फुल,मसालाबाली र औधोगिकबाली) विकास कार्यक्रम।

ग) बाली बिकास तथा रैथानेबाली प्रबर्द्धन कार्यक्रम।

घ) बाली संरक्षण,मौरीपालन,च्याउ विकास कार्यक्रम।

ङ) माटो परिक्षण तथा सुधार कार्यक्रम।

च) कृषि यान्त्रिकरण तथा व्यवसायिकरण सहयोग कार्यक्रम।

छ) मागमा आधारित बाली बिशेष प्रबर्द्धन तथा नविनत कृषि प्रविधि कार्यक्रम।

ज) योजना, कृषि तथ्यांक, आर्थिक विश्लेषण तथा बालीको उत्पादनको आधारमा नगद प्रोहत्साहन कार्यक्रम।

झ) विविध तथा कृषक समूह/ निजि कृषि फर्म दर्ता तथा नविकरण, कृषि मेला प्रदर्शनी, उत्कृष्ट कृषक तथा कृषि उधमी पुरस्कार कार्यक्रम।

## ४.कार्यक्रम सञ्चालन क्षेत्र, अवधी ,दायित्व तथा अनुदानग्राही

**क) कार्यक्रम सञ्चालन हुने क्षेत्रहरू:** लेटाङ नगरपालिका भित्रका सम्भावना भएका वडाहरू हुनेछन भने कार्यक्रम नगरपालिकाले कृषि क्षेत्र भनि तोकीएका क्षेत्रहरूमा प्राथमिकता दिईनेछ।

**ख) कार्यक्रम अवधि :** कार्यक्रमको सञ्चालन अवधि चालु आ.व.श्रावण १ गते देखि असार मसान्त सम्मको हुनेछ।आवश्यकता र सम्भावनाको आधारमा आगामी आ.व. हरूमा अवधि थप गर्न योजना बन्न सक्नेछ।

**ग) कार्यक्रम कार्यान्वयन सम्बन्धि जिम्मेवारी तथा दायित्व:** प्रस्तावक कृषक छनौट गर्न आर्थिक विकास समितिले कुनै खास वडा तोक्न सक्नेछ र तोकीएको वार्डमा कार्यक्रम सञ्चालन गर्ने दायित्व कृषि विकास शाखाको हुनेछ।

**घ) अनुदान प्राप्त गर्न सक्ने साझेदारहरू:** बिधिवत रुपमा दर्ता तथा नविकरण भएका कृषक समूह/ कृषि सहकारी साथै कृषि कार्य गर्ने उद्देश्य लिएका बहुउद्देश्य सहकारीहरू/कृषि फर्म/ कृषि उधोग/कम्पनी साथै कृषकहरू तथा टोल विकास संस्थाहरू तथा कृषि वन जस्ता कार्यक्रममा सामुदायीक वनहरू अनुदान प्राप्त गर्ने साझेदार हुनेछन्।

**५.अनुदानका कार्यक्रम छनौटको मापदण्ड तथा आधारहरू: क)** अनुदान

कार्यक्रम सञ्चालनार्थ कृषक समूह/ कृषि साथै कृषि कार्य गर्ने उद्देश्य लिएका बहुउद्देश्य सहकारीहरू/कृषि फर्म/ कृषि उधोग/कृषकहरू/ टोल बिकास संस्थाहरू साथै सामुदायीक वनहरू देहाय बमोजिम हुनेछन्।

क) सञ्चालन गरिने कृषि खेती व्यवसायको स्थल प्राविधिक,भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ।

ख) खेती व्यवसायको लागि जमीन आफनै वा भाडामा लिएर गर्न सकिने छ।खेती व्यवसाय गर्ने कृषक सोही नगरपालिकाको स्थायी बासिन्दा हुनु पर्ने बाध्यकारी नभए तापनि नगरपालिकामा नै खेतीको लागि प्रस्ताव गरेको हुनुपर्नेछ। भाडाको जमिनको हकमा लामो प्रकृतिको फलफुल खेती साथै लामो प्रकृतिका संरचना बाहेक अन्य कृषि कार्यमा ५ बर्षको भाडा संझौता हुनुपर्ने छ।

ग) व्यवसायिक खेती व्यवसायको लागि सम्बन्धित कृषकले कार्यक्रम अनुसार लागत साझेदार गर्न प्रतिबद्ध हुनुपर्नेछ । उक्त रकम/श्रमदान/जिन्सी वा तिनै थरी गरी हुन सक्नेछ ।

घ) महिला, दलित,जनजाती , सामाजिक रुपमा पिछडिएका तथा विपन्न कृषकवर्गको हितलाई विशेष प्राथमिकता दिईनेछ।

ङ) छनौट गर्दा नगरपालिकाले निर्धारण गरेको कृषि क्षेत्रमाकृषि व्यवसाय सञ्चालन गर्ने कृषकलाई प्राथमिकता दिईनेछ।

च) वातावरणीय अनुकूलका कृषि व्यवसायलाई प्रोत्साहित गरिनेछ।

छ) नगरपालिका तथा अन्य सरकारी तथा गैह्र सरकारी निकायका अन्य कार्यक्रमबाट कृषि व्यवसायका लागि सहयोग नलिएको कृषकहरूलाई प्राथमिकता दिइनेछ।

ज) एक पटक अनुदान पाएका / एकाघरका सगोलमा रहेका कृषक परिवारलाई पूनः सोही प्रकृतिको अनुदानका लागि प्रकृति हेरी स्थायि प्रकृतिक छिटै नाश नहुने सामग्री



लेटाङ नगरपालिका, मोरङ

तथा निर्माणमा अनुदान प्राप्त भएको भए २ बर्ष देखी ५ बर्ष छनौट नगर्ने।

झ) प्रयोग पश्चात बर्षेनी नास भएर जाने वा सो बर्ष तथा सिजन पछी अर्को सिजनमा पुन नया प्रयोग गर्नु पर्ने प्रकृतिका बस्तु तथा सामग्रीहरू बिउ बिजन, बिषादी, मल्चिङ प्लाष्टीक लगाएतका कृषि कार्यमा प्रयोग हुने प्लाष्टीक तथा अन्य अस्थायी प्रकृतिका कृषि सामग्री मा भने बर्षनी दिन सकिने ।

ञ) छनौट भएका अनुदान कार्यक्रमहरू सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्दछ।

**६. कार्यक्रम सञ्चालन प्रकृया:**

**क) कृषि विकास शाखाले अनुदानमा सञ्चालन गरिने :** कार्यक्रमहरूको लागि कार्य प्रकृति हेरी न्यूनतम७ देखि १५ दिनको म्याद राखी सुचना प्रकासन गर्नु पर्नेछ। यसरी सुचना प्रकासन गर्दा तल्लो तह सम्म पुग्ने गरी बिधुतिय माध्याम, सामाजिक संजाललको समेत प्रयोग गर्नुपर्ने छ। उक्त अबधीभरमा पर्याप्त आवेदन नपरेमा पुन ३ देखी ७ दिनको सुचना दोश्रो पटक प्रकासन गर्नु पर्ने छ । यदी सो समयमा पनी पर्याप्त निवेदन नआएमा जती निवेदन परेका छन त्यती लाई मात्र कार्यक्रम सञ्चालन गरिने छ।

**ख)** अनुदानग्राहीले कार्यक्रम माग गर्दा समय अबधी भित्रै तोकिएको मापदण्डको अधिनमा रही निवेदन दिनुपर्नेछ। अनुदानका लागि किसानहरूले माग गर्दा आफु संलग्न संस्थाहरू बाट प्राप्त फर्मेट भरी निवेदन सम्बन्धीत संस्थामै दिनुपर्ने छ। सम्बन्धित संस्थालले एकमुष्ठ रुपमा प्रारम्भिक छानविन गरी किसानहरूको सक्कलै निवेदन तथा आवाश्यक कागजात सहित संस्थागत निर्णय गरी सम्बन्धित कृषि सेवा केन्द्रहरू, वडा कार्यालयहरू वा कृषि विकास शाखामा पेश गर्नुपर्ने छ। यसरी पेश गर्दा वडा कार्यालयको सिफारिस अनिवार्य रुपमा संलग्न हुनु पर्ने छ। उल्लिखित प्रकृया बाहेक आवेदन बिधुतिय माध्यामबाट पनी हाल्न सकिनेछ यस कार्यका लागि

कृषि विकास शाखाले आवाश्यक प्रकृया मिलाउने छ ।

**ग)** कृषि विकास शाखाले प्राप्त निवेदनहरू उपर प्रारम्भीक छानविन गरी आर्थिक विकास समितिको बैठकमा पेश गर्नु पर्नेछ। आर्थिक विकास समितिले संबन्धित वडाहरू सँग समन्वय गरेर आवश्यक छानविन गरी अनुदानग्राही छनौट गरी कार्यक्रम सञ्चालन गर्नेछ। आवश्यकता तथा प्रकृति अनुसार मात्र कार्यपालिकामा अनुमोदनका लागि पेश गर्न सक्नेछ।

**घ)** कार्यपालिकाबाट अनुमोदन गर्नुपर्ने प्रकृतिका कार्यक्रमहरूको कार्यपालिका बाट अनुमोदन भए पश्चात छनौट भएका अनुदानग्राही लाई जानकारी गराई जानकारी गराएको ७ दिन भित्र आवाश्यक कागजातका साथ कार्यक्रम संझौता गर्नु पर्नेछ। १५ दिन सम्म पनि कार्यक्रम संझौता गर्न नआएमा बैकल्पिक प्रस्तावकलाई कार्यक्रममा सामेल गरिने छ।

**ङ)** अनुदान प्रस्ताव निवेदन, कार्य योजना र कार्यक्रम सम्झौता अनुसूची १,९ र १० अनुसार हुनेछ। कार्यक्रम संझौता तथा कार्यदिश पाएको समय भित्र कार्य सम्पन्न गरी भुक्तानीका लागि आवाश्यक कागजात सहित बील भरपाई कार्यालयमा पेश गर्नुपर्ने छ।

**च)** सम्बन्धित अनुदानग्राहीले शुरुमा आफ्नो लगानीबाट संझौता अनुसारको कार्य सम्पन्न गरी नियमाअनुसार वील भरपाई र प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन सहित भुक्तानी को लागि निवेदन पेश गर्नुपर्ने छ। तत्पस्चात कृषि विकास शाखाबाट स्थलगत अनुगमन गरि मनासिव ठहरेमा अनुदान रकम भुक्तानी हुनेछ।

**छ)** कार्यालयले बील भरपाई साथै आवाश्यक कागजात पुर्ण रुपमा प्राप्त भए पस्चात समयमै भुक्तानी दिनुपर्ने छ।

**ज)** सम्पन्न भएका कृयाकलापहरूको अनुदान रकम साझेदारको बैंक खाता मार्फत

भुक्तानी प्रदान गरिने छ।

**झ)** अनुदानका कार्यक्रमको प्रकृति हेरी लाभग्राहीले कार्यबिधिमा तोकिए बमोजिमको लागत साझेदार बापतको रकम कार्यालयमा वा सार्वाजानि खरिद ऐन अनुसार सम्बन्धित सामग्री उपलब्ध गराउने व्यवसायको बैंक खातामा जम्मा गरे पस्चात प्रचलित कानुन बमोजिम कार्यालयले अनुदानमा उपलब्ध गराउने सामग्री खरिद गरी वितरण गर्न सक्नेछ।

## ७. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनः

**क)** निवेदन प्राप्त भएपछि कार्यक्रम छनौटका अतिरिक्त कार्यक्रम सञ्चालन भईरहेका समयमा तथा समापन भए पश्चात कार्यक्रमको अनुगमन गर्नुपर्ने छ।कार्यक्रमहरूको अनुगमन आर्थिक विकास समितिका अतिरिक्त,नगरपालिका स्तरीय अनुगमन समिति, सम्बन्धित वडा कार्यालय, नगरपालिकाका प्रमुख, उप प्रमुख वा प्रमुख प्रशासकिय अधिकृतले गर्न सक्नेछन।

**ख)** अनुगमनका क्रममा त्रुटी देखिएमा सम्बन्धीत पक्षले दिएको निर्देशन अनुदानग्राहीले पालना गर्नु पर्नेछ।संझौता अनुरुप काम नगरेमा कार्यालयले भुक्तानी रोक्का गर्न सक्नेछ।

**ग)** अनुगमनका क्रममा नगरपालिका बाट अनुदान प्राप्त सामग्रीहरू लाभग्राही किसानले सम्बन्धित काममा प्रयोग नगरेमा, बेवारिसे बनाएमा वा कार्यक्रमको मर्म भन्दा बाहेकको काममा सामान प्रयोग गरेमा सामान जफत गरि फिर्ता लिन सक्नेछ। पालिका बाट अनुदान प्राप्त कृषि सामग्री तथा औजार उपकरण ४ बर्ष भित्र हक हस्तान्तरण गरी विक्री वितरण गराएको पाईएमा पालिकाले दिएको अनुदानको रकम नगरपालिकाले फिर्ता माग्ने छ। यदी उक्त रकम फिर्ता नगरेमा सम्बन्धीत किसानलाई पालिकाबाट पाउने कुनै पनी सुविधा ५ बर्ष सम्म उपलब्ध नगराउने



लेटाङ नगरपालिका, मोरङ

तथा सम्बन्धित मानिसलाई कालो सुचिमा राख्नु पर्नेछ।

## ८. कृषि व्यावसायका लागि न्यूनतम मापदण्डः

लेटाङ नगरपालिका भित्र कृषि कार्य गर्ने किसानहरूले देहायका मापदण्ड अनिवार्य पालना गर्नु पर्नेछ।

क) कृषि कार्यमा गर्दा लाग्ने खर्च, आम्दानी साथै फार्म गतिविधीको रेकर्ड राख्नु पर्नेछ।

ख) खेती प्रणाली न्यूनतमदुरी सहित हारहार प्रणालीबाट लगाउनु पर्नेछ।

ग) कृषि फार्ममा जिवअमृत, डिकम्पोजर र जैविक बिषाधी बनाउनु पर्नेछ।

घ) कृषि पर्यटनलाई आकर्षक गराउन साथै फार्म आकर्षक बनाउन बिभिन्न किसिमका सदावहार बोटबिरुवा, आकर्षक आलङ्कारीक बिरुवा पुष्प सजावट जस्ता कार्य गर्नु गर्नु पर्नेछ।

च) कृषि कार्य गर्ने तथा स्मार्ट फोन बोक्ने मानिसले अनिवार्य कृषि सँग सम्बन्धीत मोबाईल एप्लीकेसन डाउन्लोड गर्नुपर्ने छ भने घरमा टेलिभिजन हुनेहरूले कृषि सँग सम्बन्धीत टेलिभिजनहरू हेर्नु पर्नेछ।

## ९. आवेदन पेश गर्दा संलग्न गर्नुपर्ने आवाश्यक कागजातहरू

क) समूह/सहकारी/फर्म/कम्पनी/समितिदर्ताको फोटोकपी ।

ख) PAN /भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

ग) सहकारी संस्था भए अघिल्लो बर्षको लेखापरीक्षण प्रतिवेदन।

घ) किसान परिचयपत्र जारी भए पस्चात किसान परिचयपत्रको फोटोकपी नहुन्जेल नागरीकताको प्रतिलिपी, जग्गा धनि पुर्जा/व्यावसायिक करारनामाको प्रतिलिपी (लालपुर्जा नभएको जग्गामा वडा कार्यालयको कृषिकार्य गरिरहेको भन्ने भोगचलनको सिफारिस पत्र)

ङ) कार्यालयले तोके बमोजिमको फारम तथा निवेदन।

च) वडा कार्यालयको सिफारिस पत्र (सिफारिस पत्रमा कृषि र गैह्र कृषि क्षेत्र छुट्टिएको हुनुपर्ने) ।

छ) समूह/सहकारीले फारम भर्दा कुन कार्यक्रम कुन सदस्यलाई हो सो खुलाई निजको नागरिकताको फोटोकपी सहितको विवरण भरी पेश गर्नुपर्नेछ।

ज) अनलाईन फारम भर्दा कार्यालएले तोकेको अवधिमा माथि उल्लिखित कागजातहरू पेश गर्नुपर्ने छ।

## परिच्छेद- ३ कृषि प्रसार कार्यक्रम

### १०. कृषि प्रसार तथा तालिम सेवा कार्यक्रम

लेटाङ नगरपालिकालाई कृषिमा नवितनतम प्रविधि बारेमा जानकारी तथा जनचेतनामुलक कार्य सञ्चालन गर्न र आधुनिक प्रविधि बारे कृषक समक्ष पुर्याउन तथा गोष्ठि, तालिम तथा कृषक भ्रमण अध्ययन कार्यक्रम तथा असल कृषि अभ्यास गर्न कृषकहरूको समूह निर्माण मार्फत कृषि विकास गर्न यो कार्यक्रम सञ्चालन गरिएको हो।

### ११. असल कृषि अभ्यास तथा कृषि प्रसार तथा तालिम सेवा कार्यक्रम

लेटाङ नगरपालिकाले कृषि क्षेत्र भनी तोकेका तथा कृषि क्षेत्र बाहुल्य रहेका टोल विकास संस्थाहरूमा असल कृषि अभ्यास मार्फत नमुना कृषि टोल बनाउने र असल कृषि कर्म मार्फत जनजिविका सुधार गर्ने तथा कृषकहरूको घर बगैचा सुधार गरी कृषिमा आत्मानिर्भर बनाउने यो कार्यक्रमको उदेश्य रहेको छ।कार्यक्रममा टोल बिकास संस्था, कृषक समूह, सहकारी संस्थाहरूको नेतृत्वमा सकृय कृषकहरू सहभागी हुन सक्नेछन।

**क) सञ्चालन गरिने कृयाकलापहरू**

१. कार्यक्रमको लागि सुचना प्रकाशण ।



लेटाङ नगरपालिका मोरङ

२. असल कृषि अभ्यासमा सामेल हुने टोल विकासको पहिचान तथा टोल विकास मार्फत किसानहरू छनौट

३. असल कृषि अभ्यास तथा घर बगैचा सुधार सम्बन्धी किसानहरूको क्षमता अभिबृद्धीका कृयाकलापहरू।

४. असल कृषि अभ्यास तथा घर बगैचा सुधारकालागि बिभन्न सामग्रीहरू बिउ बिजन, सुधारिएका स–साना कृषि औजार तथा उपकरण साथै अन्य कृषि सामग्री वितरण।

५. सिचाई व्यवस्थापन साथै सिचाईका नयाँ तथा विकसित प्रविधिको प्रयोग।

६. सामुहिक नर्शरीको स्थापना।

७.भकारो सुधार "मलमुत्र व्यावस्थापन/कम्पोष्ट तथा जैबिकमल को प्रयोग तथा सचेतना।

८.उत्पादित कृषि उपजको सङ्कलन तथा बजारिकरणका लागि सहजिकरण।

९. कृषक चौतारी (असल कृषि अभ्यास तथा कृषिका अनुभव आदान प्रदान)

**ख) असल कृषि अभ्यास तथा कृषि प्रसार तथा तालिम सेवा कार्यक्रम**को

**आर्थिक व्यवस्थापन तथा खर्च मापदण्डः**

| क्र.सं. | कार्यक्रम | परिमाण | दर | बजेट | कार्यक्रम अनुदान |
|---|---|---|---|---|---|
| १ | घर बगैचा स्थापनाका लागि बिभिन्न जातका फलफुलको विरुवा उन्नत जातको खाधान्न र तरकारीको मिनिकिट वीउ वितरण | बार्षिक बजेट कार्यक्रम अनुसार | | | १००% |

| | | | |
|---|---|---|---|
| २ | सामुदायिक नर्सरी स्थापना तथा सञ्चालन | बार्षिक बजेट कार्यक्रम अनुसार | ८५% |
| ३ | भकारो सुधार तथा मलमुत्र व्यावस्थापन/कम्पोष्टतथा जैबिक मल | बार्षिक बजेट कार्यक्रम अनुसार | ८५% |
| ४ | असल कृषि अभ्यास सम्बन्धी कृषक क्षमता अभिबृद्धी तथा बाली बिशेष तालिम तथा प्रबर्द्धन कार्यक्रम नगर स्तरीय | बार्षिक बजेट कार्यक्रम अनुसार | १००% |
| ५ | वडा स्तरीय बाली बिशेष प्रविधि तालिम | बार्षिक बजेट कार्यक्रम अनुसार | १००% |
| ६ | कृषि सम्बन्धी जानकारी मुलक वार्षिक पुस्तिका होडिङ निर्माण /पर्चा/पम्मपेल्ट प्रकासण तथा प्रचार प्रसार | बार्षिक बजेट कार्यक्रम अनुसार | १००% प्रचलित बजार दर अनुसार |
| ७ | कृषक चौतारी(असल कृषि अभ्यास तथा कृषिका अनुभव आदान प्रदान कृषक फलोअप तालिम/छलफल) | बार्षिक बजेट कार्यक्रम अनुसार | १००% |
| ८ | कृषि अनुसन्धान वा नविनतम कृषि कार्यक्रम/जलवायु परिवर्तन/बाली विमा सम्बन्धी कार्यक्रम/ तालिम अध्ययन | बार्षिक बजेट कार्यक्रम अनुसार | १००% |

| | | | |
|---|---|---|---|
| | अवलोकन भ्रमण | | |
| ९ | उन्नत जातको सिडकिट तथा मिनिकिट वितरण | बार्षिक बजेट कार्यक्रम अनुसार | १००% प्रचलित बजार दर अनुसार |
| १० | राष्ट्रिय धान दिवस कार्यक्रम | बार्षिक बजेट कार्यक्रम अनुसार | १००% प्रचलित बजार दर अनुसार तथा श्रोत र साधन अनुसार |
| ११ | कार्यक्रम बैठक अनुगमन मुल्याङ्कन तथा दैनिक भ्रमण यातायात तथा संचार खर्च | बार्षिक बजेट कार्यक्रम अनुसार | १००% |

नोटः यस कार्यक्रमको लागि खर्च मापदण्ड कार्यविधिको अन्य शीर्षकको मापदण्ड अनुसार हुनेछ।

**ग) नगर स्तरीय कृषक तालिम, अध्यनन अवलोकन भ्रमण, गोष्ठी तथा दिवसका आर्थिक पक्ष तथा मापदण्ड**

| सि न | नर्मस विवरण | | इकाई | नर्मस (दिन र रू) |
|---|---|---|---|---|
| १ | समयावधि | | दिन | १—५ दिन सम्म |
| | वाह्य प्रशिक्षक | कार्यपत्र वापत | कक्षा/ सेशन | पालिकाबाट तालिम बिषयमा स्विकृत नर्मस अनुसार |
| | | कक्षा वा प्रस्तुति वापत सञ्चालन | कक्षा/ सेशन | |
| | आन्तरिक प्रशिक्षक | कार्यपत्र वापत | कक्षा/ सेशन | |
| | | कक्षा वा प्रस्तुति | कक्षा/ सेशन | |

| | | | | |
|---|---|---|---|---|
| | | वापत सञ्चालन | | |
| ३ | संयोजक भत्ता | | दिन | रु ५००।— |
| ४ | सहयोगी भत्ता | | दिन | रु ३५०।— |
| ५ | प्रशिक्षार्थी/ सहभागी यातायात खर्च | | दिन/स्थान दुरी | रु ५००।— |
| ६ | खाजा तथा चियापान | | व्यक्ति/दिन | रु २००।— |
| ७ | सहभागि शैक्षिक सामग्री | | सहभागि अनुसार | रु १००।- |
| ८ | तालिम सामग्री | | एकमुष्ट | प्रचलित बजार दर अनुसार दुइ दिन सम्मको ५०००। २ दिनदेखि माथि ५ दिनसम्मको ७५००। सम्मा |
| ९ | तालिम प्रयोगात्मक सामग्री | | एकमुष्ट | प्रचलित बजार दर अनुसार प्रयोगात्मक हुने दिन,सहभागि सङ्ख्या र प्रयोगात्मक कार्य अनुसार |
| १० | विविध खर्च गाडी भाडा, अध्ययन भ्रमण, दैनिक भ्रमण खर्च साथै कार्यक्रम प्रकृति अनुसार। | | दिन,दुरी, पटक | आवश्यकता / स्वीकृत नर्मस अनुसार |

| | | | |
|---|---|---|---|
| ११ | सहभागी कृषक | जना | १५-३० सम्म |
| १२ | प्रतिवेदक | पटक/सङ्ख्या | १०००। |

## परिच्छेद- ४ वागवानी

### १२. वागवानी (तरकारी,फलफुल तथा कृषि वन, फुल,मसालाबाली र औधोगिकबाली) विकास कार्यक्रमः

#### क) फलफुल तथा कृषि वन कार्यक्रम

सामुदायीक वनहरूका खाली जमिन साथै वनपैदावर पातलो रहेका क्षेत्रहरूमा कृषि बाली तथा फलफुलको खेती गरी वनलाई व्यवसायिक बनाउने साथै बादर लगाएत जङ्गली जनावर जङ्गलमै रहने वातावरण निर्माण गरी जनावर र मानिस बिचको द्धन्द कम गर्ने साथै मौरी चरन क्षेत्र बिस्तार गर्ने औधोगिक बाली बिस्तार गर्ने यो कार्यक्रमको मुख्य उदेश्य रहेको छ।

**अ) कार्यक्रममा गरिने कृयाकलापहरू:-** यस कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका बिरुवाहरू रोप्ने साथै कृयाकलाप गरिनेछ।

(१) बिभिन्न जातका फलफुलहरूको रोपण(सुपारी,कटहर,नरिवल,लिची,आँप, एभोकाडो, मेकाडेमियानट, सिताफल, बेल, बयर, अम्बा, केरा, सुन्तला तथा अन्य उपयोगी फलफुलका जातहरू)

(२) बिभिन्न वनजन्य बहुउपयोगी औधोगिक बालीहरूको रोपण(कफी, अलैंची, चिउरी, निम, रबर, सजिवन, तेजपत्ता, रुद्राक्ष आदि)

(३) वनमा फल्ने बिरुवाहरूको रोपण (काफल,जामुन,कुसुम, हर्रो, बर्रो, अमला, बादरझुला, फडिर तथा अन्य उपयोगी बिरुवाहरू)

(४) वनमा हुने नगदे बालीहरू र मसलाबालीहरूको खेती।

(५) बिरुवा संरक्षणका लागि तारवार तथा बिरुवा छेकावटका कार्यहरू साथै



लेटाङ नगरपालिका मोरङ

बहुउपयोगी पोखरी निर्माण, बिभिन्न जोतखन गर्ने, ड्रिलिङ गर्ने सामग्रीहरू वितरण गरिनेछ।

(६) सामुदायिक वनहरूमा माथि उल्लिखित बिरुवाहरूको नर्शरी निर्माण कार्यक्रम गर्न सकिनेछ।

**आ) यस दफाको कार्यक्रम सञ्चालन प्रकृया तथा आर्थिक पक्ष र मापदण्ड**

(१) यो कार्यक्रम बिशेष गरी निजि कृषि फर्म/कृषक समूह/ कृषि सहकारी र सामुदायिक वनहरूसँगको सहकार्यमा सञ्चलन गरिनेछ। ईच्छुक उपभोक्ताबाट प्राप्त निवेदहरू आर्थिक विकास समितिले आवाश्यक छानविन गरी कार्यक्रमको लागि छनौट सञ्चालन गर्ने निर्णय गरी लाभग्राही सँग कार्यक्रम सञ्चालनको लागि संझौताका लागि कृषि विकास शाखालाई आदेश गर्नेछ।

(२) उल्लिखित कार्यक्रममा सामग्री खरिद मात्रै भएको अवस्थामा लाभग्राही सँग लागत साझेदारी बापतको रकम कार्यालयमा जम्मा गरी प्रचलित सार्वजनीक खरिद ऐन तथा नियमावली बमोजिम माग बमोजिमका सामग्री खरिद गरी वितरण गर्न कार्यालयले सक्नेछ।

(३) यो कार्यक्रम अन्तर्गत कुल बिनियोजित रकमको ७५% रकम नगरपालिकाको अनुदान हुनेछ भने सम्बन्धि लाभग्राहीको २५% रकम कृषकहरूको लागत साझेदार हुनुपर्नेछ।

**ख) तरकारी विकास कार्यक्रम**

कुनै स्थान विशेष सफलता पाएको कुनै पनि हाइब्रिड उन्नत या स्थानीय जातको तरकारीको वीउलाई सोही स्थानको वातावरणसँग मिल्ने अन्य कुनै वीउ वितरण मार्फत विस्तार गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ। लेटाङ नगरपालिकाको कृषि क्षेत्र अन्तर्गत स्थान विशेषानुसार विभिन्न तरकारी बालीहरूको उत्पादन हुने गर्दछ। जुन

मौसमी र बेमौसमी दुबै खेती हुँदै आएकोले किसानहरूलाई सहुलियत र गुणस्तरीय वीउ उपलब्ध तथा तरकारी खेतीमा वृद्धि गर्नका लागि सहयोग गर्नका यो कार्यक्रम सञ्चालन गरिने छ।

**अ) कार्यक्रममा सञ्चालन गरिने कृयाकलापः** यस कार्यक्रम अन्तर्गत सूचना प्रकाशन पश्चात समय सिमा भित्र परेका माग निवेदनहरूलाई दफा ९ वमोजिम तपशिल बमोजिमका मौसमी र बेमौसमी तरकारीको लागि आवश्यक वीउ तथा तरकारी खेती सम्बन्धी कृयाकलाप गरिनेछ।

(१) बिभिन्न जातका तरकारी बालीका हाइब्रिड तथा उन्नत वीउ वितरण र रोपण (टमाटर, कुरिलो, खोर्सानी, भेडेखोर्सानी, काउली, बन्दा,रायो,सिमी,बोडी,आलु,काक्रा,करेला ग्याठकोपी,धनिया,फर्सी,लौका,घिरौला,करेला,अकबरे, तथा अन्य मौसमी र बेमौसमी तरकारीको वीउ)

(२) बिरुवा संरक्षणका लागि तारवार तथा बिरुवा छेकावटका कार्यहरू साथै बहुउपयोगी पोखरी निर्माण,बिभिन्न जोतखन गर्ने, ड्रिलिङ गर्ने सामग्रीहरू वितरण गरिनेछ।

**आ) तरकारी विकास कार्यक्रमको आर्थिक व्यवस्थापन तथा खर्च मापदण्डः**

(१) यो कार्यक्रम बिशेष गरी निजि कृषि फर्म/कृषक समूह/ कृषि सहकारी सँगको सहकार्यमा संचलन गरिनेछ । ईच्छुक उपभोक्ताबाट प्राप्त निवेदहरू आर्थिक विकास समितिले आवाश्यक छानविन गरी कार्यक्रमको लागि छनौट सञ्चालन गर्ने निर्णय गर्ने र लाभग्राही सँग कार्यक्रम संझौता गर्ने कारेयक्रम सञ्चालन गर्ने कार्य कृषि विकास शाखा मार्फत हुनेछ।

(२) उल्लिखित कार्यक्रममा सामग्री खरिद मात्रै भएको अवस्थामा लाभग्राहीसँग लागत साझेदारी बापतको रकम कार्यालयमा जम्मा गरी प्रचलित सार्वजनीक खरिद ऐन तथा

नियमावली बमोजिम माग बमोजिमका सामग्री खरिद गरी वितरण गर्न गरिनेछ।

(३) यो कार्यक्रम अन्तर्गत कुल बिनियोजित रकमको ७५% रकम नगरपालिकाको अनुदान हुनेछ भने सम्बन्धि लाभग्राहीको २५% रकम लागत साझेदार हुनु पर्नेछ।

(४) अन्य खर्च मापदण्ड कार्यविधिको अन्य शीर्षकमा उल्लिखित नर्मस अनुसार हुनेछ।

**ग) पुष्पखेती (फुल खेती) विकास कार्यक्रम**

कुनै स्थान विशेष सफलता पाएको कुनै पनि हाइब्रिड उन्नत या स्थानीय जातको फुलको वीउलाई सोही स्थानको वातावरणसँग मिल्ने अन्य कुनै वीउ वितरण मार्फत विस्तार गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ। लेटाङ नगरपालिकाको कृषि क्षेत्र अन्तर्गत स्थान विशेषानुसार विभिन्न फुल खेतीको उत्पादन हुने गर्दछ। व्यवसायिक तवर पुष्प खेती गर्दै आएका किसानहरूलाई सहुलियत र गुणस्तरीय वीउ उपलब्ध तथा फुल खेतीमा वृद्धि गर्न र फुल खेतीमा रोजगार तथा आय आर्जन बढाउनकाका लागि सहयोग गर्नका लागि यस कार्यक्रम सञ्चालन गरिएको हो।

**अ) कार्यक्रममा सञ्चालन गरिने कृयाकलापः–** यस कार्यक्रम अन्तर्गत दफा ९ वमोजिम सूचना प्रकाशन पश्चात तपशिल बमोजिमका यस क्षेत्रमा व्यवसायिक पुष्प खेती हुने आवश्यक वीउ तथा पुष्प खेतीमा आवश्यक सामग्री सम्बन्धी कृयाकलाप गरिनेछ।

(१) बिभिन्न जातका पुष्प बालीका हाइब्रिड तथा उन्नत वीउ वितरणको रोपण (सयपत्री, मखमली, ग्लाडिओलस, कार्नेशन, जर्बेरा, स्टाटिस,गुलाब,जिप्सोफिला,रजनीगंधा,गोदावरी)

(२) व्यावसीयक पुष्पखेती गर्ने नर्सरी वा निजी कृषि फर्म वा कृषक समूहलाई बिरुवा संरक्षणका लागि तारवार तथा बिरुवा छेकावटका कार्यहरू साथै बहुउपयोगी पोखरी

निर्माण, बिभिन्न जोतखन गर्ने, ड्रिलिङ गर्ने सामग्रीहरू वितरण गरिनेछ।

**आ) पुष्प ( फुल) खेनी कार्यक्रमको आर्थिक व्यवस्थापन तथा खर्च मापदण्डः**

(१) यो कार्यक्रम बिशेष गरी निजि कृषि फर्म/कृषक समूह/ कृषि सहकारी सँगको सहकार्यमा संचलन गरिनेछ । ईच्छुक उपभोक्ताबाट प्राप्त निवेदहरू आर्थिक विकास समितिले आवाश्यक छानविन गरी कार्यक्रमको लागि छनौट सञ्चालन गर्ने निर्णय गर्ने र लाभग्राही सँग कार्यक्रम संझौता गर्ने कारेयक्रम सञ्चालन गर्ने कार्य कृषि विकास शाखा मार्फत हुनेछ।

(२) उल्लिखित कार्यक्रममा सामग्री खरिद मात्रै भएको अवस्थामा लाभग्राही सँग लागत साझेदारी बापतको रकम कार्यालयमा जम्मा गरी प्रचलित सार्वजनीक खरिद ऐन तथा नियमावली बमोजिम माग बमोजिमका सामग्री खरिद गरी वितरण गरिनेछ।

(३) यो कार्यक्रम अन्तर्गत कुल बिनियोजित रकमको ७५% रकम नगरपालिकाको अनुदान हुनेछ भने सम्बन्धि लाभग्राहीको २५% रकम लागत साझेदार हुनुपर्नेछ।

(४) अन्य खर्च मापदण्ड कार्यविधिको अन्य शीर्षकमा उल्लिखित नर्मस अनुसार हुनेछ।

**घ. व्यवसायिक तरकारी तथा फलफुल खेतिको बगैचा स्थापना कार्यक्रम**

**अ) सञ्चालन गरिने कृयाकलापहरू :-** यस कार्यक्रम भित्र दफा ९ वमोजिम सूचना प्रकाशन गरी देहायका कृयाकलापहरू गरिनेछ।

(क) लेटाङ नगरपालिका क्षेत्र भित्र संभावना रहेका तरकारी र हिउदे फलफूलहरू (किवि फल, ओखर, आरु, नास्पाती, स्याउ लगाएत अन्य पतझड फलफूल) बर्षे फलफुलहरूमा (अमिलोजातका फलफुल, उष्ण प्रदेशिय सदावहार फलफूल, औधोगिक प्रयोजनका लागि प्रयोग हुने फलफूल तथा अन्य व्यावसायिक महत्व बोकेका फलफूल) हरूको बगैचा स्थापना गर्न सकिनेछ।

(ख) यो कार्यक्रम मार्फत खण्ड "क" बमोजिमको स्थापन गरिने तरकारी र फलफुल बगैचाका लागि बिरुवा,खरिद,सिचाई, प्लाष्टिक पोखरी, थोपा सिचाई लगाएत अन्य संरचना निर्माण तथा तरकारी तथा फलफुल खेतीका लागि आवाश्यक पर्ने औजार उपकरण साथै अन्य उपयोगी सामग्रीहरूका लागि आवाश्यक सहयोग उपलब्ध गराईनेछ। सिचाईका कार्यक्रमहरू सिचाई साझेदारी कार्यबिधी अनुरुप हुनेछन।

(ग) यो कार्यक्रममा कार्यालयको कुल स्विकृत परियोजनामा ७५% र लाभग्राही किसानको २५% लागत साझेदार हुनुपर्नेछ।

(घ) अन्य खर्च मापदण्ड कार्यविधिको अन्य शीर्षकमा उल्लिखित नर्मस अनुसार हुनेछ।

**आ) यस कार्यक्रम सञ्चालन गर्ने आवश्यक मापदण्डहरू**

(क) बिरुवामा नगरपालिकाको अनुदान भए पस्चात किसानहरूले लामो समयसम्म उत्पादन दिने फलफूलहरूमा १×१×१ वा एक घनमिटरको खाडल र छोटो अबधिका तथा कम जरा फैलने फलफूलहरू मा ०.५×०.५×०.५ मि. वा आधा घन मिटरको खाडल अनिवार्य खनी सिफारिस अनुसार कम्पोष्ट तथा रसायनिक मल हाली खाडल पुर्नु पर्नेछ, सो पश्चात १ महिना पछी मात्र बिरुवा रोप्नु पर्नेछ।

(ख) तरकारीको वीउ तथा फलफुलका बिरुवालाई हारहारमा लाईन मिलाई मापदण्ड बमोजिमको दुरी मिलाई रेखाङ्कन गरी बिरुवा रोप्नुपर्ने छ र रोपे पस्चात संरक्षणको लागि आवाश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(घ) अनुदान प्राप्त तरकारीको वीउ तथा फलफुलको बिरुवाहरूको संरक्षणको दायित्व किसानहरूको हुनेछ। हेल्चेक्राईका कारण मरेमा वा नष्ट भएमा त्यस्तो ठहर् हुन गएमा किसानले नगरपालिकालाई वीउ तथा बिरुवा खरिद गर्दा लागेको रकम क्षेतिपुर्ती दिनु पर्नेछ।

**ङ) कार्यक्रममा न्यूनतम खेती गर्ने जमिनको क्षेत्रफल मापदण्ड**

| क्र स | बगैचा | न्यूनतम क्षेत्रफल |
|---|---|---|
| १ | **किवि फल, सुन्तला,जुनार** स्याउ, नासपाती, अम्बा, कागती र कागजी बदाम, अनार | **५ रोपनी** |
| २ | एभोकाडो,ओखर, लिची, आँप | **५ रोपनी** |
| ३ | सुपारी, केरा, मेवा | **५ कठा** |
| ४ | ड्रागन फ्रुट | **५ कठा** |
| ५ | तरकारी (यस क्षेत्रका उपयुक्त सबैबाली र जात) | **१० कठा** |

(च) सञ्चालन प्रकृयाः यो कार्यक्रमका लागि ईच्छुक कृषक समूह/सहकारी/ फर्म आवेदन फार्म तोकिएको ढाँचामा भर्नु पर्नेछ।

(छ) मूल्याङ्कनका आधारहरू उल्लिखित फारम, तरकारी र फलफुल बगैचा स्थापना हुने स्थानको अध्यन गर्न जाँदा अनुगमकर्ताले भर्नुपर्ने छ सो पश्चात मात्रै कार्यक्रमका लागि योग्य कृषक छनौट गर्नु पर्नेछ।

**(ज) छनौटका लागि मुल्याङ्कनका आधार**

| क्र स | मुल्याङ्नका आधार | प्रदान गरिने अधिकतम अङ्क वा पूर्णाङ्क | | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | तरकारी तथा फलफुल खेती सम्बन्धी आधारभुत ज्ञान वा तालिम भएको | भएको | २० | | |
| | | नभएको | १० | | |
| २ | यातायात, विधुत तथा सिंचाई | भएको | २० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सुविधा पुगे/नपुगेको अन्य पुर्वाधार | नभएको | १० | | |
| ३ | सम्बन्धित विषयमा काम गरिरहेको अनुभव | भएको | २० | | |
| | | नभएको | १० | | |
| ४ | जग्गाको मोहोडा क्षेत्रफल हावापानी भु धरातलको अवस्था | भएको | २० | | |
| | | नभएको | १० | | |
| ५ | अन्य अनुगमनमा गएका पदाधिकारीको स्वमुल्यांकन | | २० | | |
| | जम्मा | | १०० | | |

मूल्याङ्कनकर्ताको नाम पद हस्ताक्षर

## परिच्छेद- ५

### १३. बाली बिकास तथा रैथाने बाली प्रबर्द्धन कार्यक्रम

### १४. गुणस्तरीय तथा उन्नत खाधान्न, दलहन र तेलहनबालीको वीउ वितरण कार्यक्रमः

(१) स्थान विशेष सफलता पाएको कुनै पनि हाइब्रिड उन्नत या स्थानीय जातको खाधान्न,दलहन र तेलहनबालीको वीउलाई सोही स्थानको वातावरण सँग मिल्ने अन्य कुनै वीउ वितरण मार्फत विस्तार गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ। लेटाङ नगरपालिकाको कृषि क्षेत्र अन्तर्गत स्थान विशेषानुसार विभिन्न खाधान्न,दलहन र तेलहनबालीको उत्पादन हुने गर्दछ। जुन मौसमी र बेमौसमी दुवै खेती हुदै आएकोले किसानहरूलाई सहुलियत र गुणस्तरीय वीउ उपलब्ध तथा खाधान्न,दलहन र तेलहनबालीमा वृद्धि गर्नका लागि सहयोग गर्नका लागि यस कार्यक्रम सञ्चालन गरिएको हो।

लेटाङ नगरपालिका, मोरङ

**क) कार्यक्रममा गरिने कृयाकलाप :-** यस कार्यक्रम अन्तर्गत दफा ९ अनुसार सूचना प्रकाशन गरी तपशिल बमोजिमका मौसमी र बेमौसमी खाधान्न,दलहन र तेलहनबालीको लागि आवश्यक वीउ तथा खाधान्न,दलहन र तेलहनबालीको सम्बन्धी कृयाकलाप गरिनेछ।

(१) बिभिन्न जातका खाधान्न,दलहन र तेलहनबालीको हाइब्रिड तथा उन्नत वीउ वितरण को रोपण(धान, मकै, गहुँ, तोरी, सूर्यमुखी, तिल,मास,सिमी,कालोदाल,मुङग,रहर जस्ता अन्य बालीहरूको वीउ) वितरण।

**ख) सञ्चालन प्रकृया,आर्थिक व्यवस्थापन र खर्च मापदण्ड**

(१) यो कार्यक्रम बिशेष गरी निजि कृषि फर्म/कृषक समूह/ कृषि सहकारी सँगको सहकार्यमा संचलन गरिनेछ । ईच्छुक उपभोक्ताबाट प्राप्त निवेदहरू आर्थिक विकास समितिले आवाश्यक छानविन गरी कार्यक्रमको लागि छनौट सञ्चालन गर्ने निर्णय गर्ने र लाभग्राही सँग कार्यक्रम संझौता गर्ने कारेयक्रम सञ्चालन गर्ने कार्य कृषि विकास शाखा मार्फत हुनेछ।

(२) उल्लिखित कार्यक्रममा सामग्री खरिद मात्रै भएको अवस्थामा लाभग्राही सँग लागत साझेदारी बापतको रकम कार्यालयमा जम्मा गरी प्रचलित सार्वजनीक खरिद ऐन तथा नियमावली बमोजिम माग बमोजिमका सामग्री खरिद गरी वितरण गरिनेछ।

(३) यो कार्यक्रम अन्तर्गत कुल बिनियोजित रकमको ५०% रकम नगरपालिकाको अनुदान हुनेछ भने सम्बन्धि लाभग्राहीको ५०% रकम लागत साझेदार हुनुपर्नेछ।

(४) अन्य खर्च मापदण्ड कार्यविधिको अन्य शीर्षकमा उल्लिखित नर्मस अनुसार हुनेछ।

**१५. वीउमा आत्मनिर्भर कार्यक्रमः** (१) कुनै स्थान विशेष सफलता पाएको कुनै पनि उन्नत या स्थानीय जातको खाधान्नको वीउलाई सोही स्थानको वातावरण सँग मिल्ने अन्य कुनै वीउ वितरण मार्फत विस्तार गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ। लेटाङ

नगरपालिकाको कृषि क्षेत्र अन्तर्गत स्थान विशेषानुसार विभिन्न खाधान्नको उत्पादन हुने गर्दछ। उक्त वीउको श्रोतको संरक्षण गर्न र नगर क्षेत्रमा आवश्यक पर्ने खाधान्न लागि खाधान्न,दलहन र तेलहनबालीको वीउको उत्पादन गरी वीउलाई व्यवसायिकरण गर्नका लागि यस कार्यक्रम सञ्चालन गरिएको हो।

**क) कार्यक्रममा गरिने कृयाकलापः-** यस कार्यक्रम अन्तर्गत दफा ९ अनुसार तपशिल बमोजिमका खाधान्नको लागि आवश्यक मुल वीउ तथा खाधान्नको सम्बन्धी कृयाकलाप गरिनेछ।

(१) बिभिन्न जातका खाधान्नको हाइब्रिड तथा उन्नत वीउ वितरण को रोपण(धान, मकै, अन्य बालीहरूको वीउ )वितरण।

(२) वीउ उत्पादन कार्यक्रम आवश्यक पर्ने तालिम तथा अध्ययन भ्रमण,बाली संरक्षणका सामग्री, कृषि यन्त्र उपकरणहरू, प्रयोगशाला सम्बन्धी कार्यहरू तथा बजारीकरण व्यवस्थापन गरिनेछ।

**ख) सञ्चालन प्रकृया, आर्थिक व्यवस्थापन र खर्च मापदण्ड**

(१)यो कार्यक्रम बिशेष गरी निजि कृषि फर्म/कृषक समूह/ कृषि सहकारी सँगको सहकार्यमा संचलन गरिनेछ । ईच्छुक उपभोक्ताबाट प्राप्त निवेदहरू आर्थिक विकास समितिले आवाश्यक छानविन गरी कार्यक्रमको लागि छनौट सञ्चालन गर्ने निर्णय गर्ने र लाभग्राही सँग कार्यक्रम संझौता गर्ने कार्यक्रम सञ्चालन गर्ने कार्य कृषि विकास शाखा मार्फत हुनेछ।

(२)उल्लिखित कार्यक्रममा सामग्री खरिद मात्रै भएको अवस्थामा लाभग्राही सँग लागत साझेदारी बापतको रकम कार्यालयमा जम्मा गरी प्रचलित सार्वजनीक खरिद ऐन तथा नियमावली बमोजिम माग बमोजिमका सामग्री खरिद गरी कार्यालयले वितरण गर्न सक्नेछ।

(३) यो कार्यक्रम अन्तर्गत कृषि यन्त्र उपकरणमा मात्र रकमको ५०% रकम नगरपालिकाको अनुदान हुनेछ भने सम्बन्धि लाभग्राहीको ५०% रकम लागत साझेदार हुनुपर्नेछ।र अन्य कृयाकलापका लागि शत प्रतिशत कार्यक्रम सञ्चालन गरिनेछ।

(४) अन्य खर्च मापदण्ड कार्यविधिको अन्य शीर्षकमा उल्लिखित नर्मस अनुसार हुनेछ।

**१६. रैथानेबाली प्रबर्द्धन कार्यक्रमः** (१) स्थानीय खाद्य तथा पोषण सुरक्षाको स्थितिमा सुधार गर्न तथा प्रमुख खाधान्नको तिव्र दरमा भई रहेको आयात न्युनिकरण गरी प्रमुख खाधान्नमा आत्मनिर्भरता तर्फ अघि बढ्न रैथानेबालीहरूको उत्पादन एवं उत्पादकत्व वृद्धि र मूल्य श्रृँखला विकासमा सहयोग पुर्याउन यस कार्यक्रम सञ्चालन गरिएको हो। रैथानेबालीहरू (कोदो,फापर,कागुनो,रैथाने धान र मकै,चिनो, उवा, कुनै जातको वीउ ५० वर्ष भन्दा अगाडी देखी त्यस क्षेत्रमा खेती गर्दै आएको)

**क)कार्यक्रममा गरिने कृयाकलापः**

यस कार्यक्रममा दफा ९ वमोजिम सूचना प्रकाशन गरी देहाय कार्यक्रम तथा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

(१) रैथानेबाली क्षेत्र विस्तार सहयोग तथा प्रोत्साहन अनुदान।

(२) क्षेत्र विस्तार प्रोहत्सान अनुदान।

(३) रैथानेबालीको उत्पादनमा प्रोत्साहन अनुदान।

(४) रैथानेबालीको महत्वकारे प्रचार प्रसार तथा तालिम।

(५) रैथानेबाली प्रबर्द्धनमा स्थानीय विधालय सँग सहकार्य।

(६) प्रशोधन, मुल्य अभिवृद्धि एवं परिकार विविधिकरण तथा वजारीकरण सहयोग।

(७) रैथानेबाली तथा कन्दमुल बाली संरक्षण।

**ख) सञ्चालन प्रकृया तथा आर्थिक व्यवस्थापन र खर्च मापदण्ड**

(१) यो कार्यक्रम बिशेष गरी निजि कृषि फर्म/कृषक समूह/ कृषि सहकारी सँगको सहकार्यमा संचलन गरिनेछ । ईच्छुक उपभोक्ताबाट प्राप्त निवेदहरू आर्थिक विकास समितिले आवाश्यक छानविन गरी कार्यक्रमको लागि छनौट सञ्चालन गर्ने निर्णय गर्ने र लाभग्राही सँग कार्यक्रम संझौता गर्ने कारेयक्रम सञ्चालन गर्ने कार्य कृषि विकास शाखा मार्फत  हुनेछ।

(२) रैथानेबाली क्षेत्र विस्तार सहयोग तथा प्रोत्साहन अनुदान कार्यक्रममा रैथानेबाली सिडकिट शत प्रतिशत अनुदानमा वितरण गरिनेछ।

(३) आफ्नो जग्गा ३ वर्ष खेती नगरी बाझो रहेको जमिनमा खनजोत गरी स्थानीयतहले तोकेको रैथाने जातको खेती गर्ने कृषक तथा कृषक समूहलाई प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिनेछ। कम्तिमा १ हेक्टर भन्दा बढी खेती गर्ने कृषक वा कृषक समूहलाई प्रति कठा बढिमा रु ६०० का दरले प्राविधिकले स्थलगत अनुगमन गरि बाली लगाएको क्षेत्रफल एकिन गरी  क्षेत्र विस्तार प्रोहत्सान अनुदान गरिनेछ।यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिदिनु पर्नेछ।

(४) रैथानेबालीको उत्पादनमा प्रोत्साहन अनुदान अन्तर्गत रैथाने बालीको प्रतिस्पर्धात्मक क्षमता बढाउन उत्पादन लागत कम गरि खेती विस्तार गर्न सहयोग पुर्याउन रैथाने बालीको खेती गर्ने कृषकलाई प्रति किलो उत्पादनको लागि बढीमा रु १० प्रोत्साहन वापत उपलब्ध गराउने सकिने छ। यसको लागि कृषि विकास शाखाका कृषि प्राविधिकको स्थलगत निरिक्षण बाली कटानी प्रतिवेदनको आधारमा उपलब्ध गराइनेछ।

(५) रैथानेबालीको महत्वबारे प्रचार प्रसार तथा तालिम अन्तर्गत रैथानेबालीको जानकारीमुलक सन्देश प्रचार प्रसार, सचित्र होडिङ वोर्ड, सचेतना तालिम र रैथाने

खाधान्न परिकार उपभोग अभियान कार्यक्रम शत प्रतिशत अनुदानमा सञ्चालन गरिनेछ।

(६) रैथानेबाली प्रबर्द्धनमा स्थानीय विद्यालयसँग सहकार्य अन्तर्गत रैथाने खाधान्नमा आधारित दिवा खाजा कार्यक्रममा रैथाने उपजको परिकार बनाउन विधालय छनौट एवं मोडालिटी तयार गरि सम्झौता गरि आर्थिक तथा प्राविधिक कृयाकलाप सञ्चालन गर्न सक्नेछ।

(७) प्रशोधन, मुल्य अभिवृद्धि एवं परिकार विविधिकरण तथा वजारीकरण सहयोग अन्तर्गत रैथानेबाली उत्पादन,प्रशोधन, बजारीकरणका लागि आवश्यक मेशनरी तथा उपकरण सहयोग र कोशेली घर स्थापना तथा होम स्टे मार्फत रैथानेबाली एवं परिकार प्रबर्द्धनमा नगरपालिकाको तर्फबाट ७५% र अनुदानग्राहीबाट २५% सहभागीतामा सञ्चालन गरिनेछ।रैथानेबाली अन्तर्गत बाली परिकार विविधिकरण तालिम तथा प्रर्दशनी मेला महोत्सवका साथै प्याकेजीङ तथा ब्रान्डीङ साथै अध्ययन अवलोकन भ्रमण शत प्रतिशत अनुदानको सहयोगमा सञ्चालन गरिनेछ।

(८) रैथानेबाली तथा कन्दमुल बाली संरक्षण अन्तर्गत सामुदायिक वीउ बैंक स्थापना, रैथानेबाली एवं जातको वीउ उत्पादन सम्मान कार्यक्रम नगरपालिकाको तर्फबाट ७५% र अनुदानग्राहीबाट २५% सहभागीतामा सञ्चालन गरिनेछ।

(९) अन्य खर्च मापदण्ड कार्यविधिको अन्य शीर्षकमा उल्लिखित नर्मस अनुसार हुनेछ।

## परिच्छेद- ६ बाली संरक्षण

**१७. बाली संरक्षण,मौरीपालन,च्याउ विकास कार्यक्रमः** (१) लेटाङ नगरपालिकामा व्यवसायिक कृषि थालनी भएता पनि विगत देखी नै वाली विरुवामा रोग किराको उच्च प्रकोपको कारणले वर्षेनि किसानहरूले ठुलो क्षति पुगिरहेकोले यसको समाधानका लागि साथै बाली संरक्षण अन्तरगत प्राङ्गारिक तथा रसायनिक विधिको

प्रयोग गर्ने साथै लाभदायी किटको विकास गर्ने गरी मौरीपालन तथा च्याउ खेती कार्यक्रममा अगाडी बढाउदै यो कार्यक्रम सञ्चालन गरिनेछ।

**१८. आकस्मिक बाली संरक्षण सेवा कार्यक्रम (रसायनिक तथा प्रागारिक विषादी वितरण)**

**क) कार्यक्रममा गरिने कृयाकलापः** (क) यो कार्यक्रमबाट कृषि विकास शाखाले आफ्नो क्षेत्र भित्रका बाली विरुवामा देखिएका रोग/किरा/खाधतत्व को कमि नियन्त्रण गर्नका लागि बाली संरक्षणमा प्रयोग हुने जैविक, प्राङ्गारिक, रसायनिक विषादी र सुक्ष्म खाधतत्व मल तथा परामर्श सेवाका साथै प्रविधिहरू प्रचलित कानुन बमोजिम खरिद ऐन अनुसार खरिद गरी बालीको समस्याको आधारमा नमुनाको रुपमा निशुल्क सेवा दिन सक्नेछ।

**१९. बाली संरक्षण शिविर कार्यक्रमः** (१) कृषकको बालीमा रोग, कीरा तथा अन्य समस्याहरूको सहि पहिचान गरी समयमै उपयुक्त व्यवस्थापनका उपायहरू दिलाउने साथै जथाभावि रसायनिक विषादीको प्रयोगलाई कम गरी वातावरण संरक्षणमा सहयोग पुर्याउन? माटो परिक्षण गरी कृषकको खेतबारीको माटो सुधार गर्नुका साथै कृषकहरूको पायक पर्ने ठाउँ वा घरदैलोमा नै बाली उपचार तथा माटो जाँच विशेषज्ञहरू **(Plant Doctors)** स्थलगत रूपमा भ्रमण र बाली बिरुवामा लागेको रोग कीरा तथा अन्य समस्याहरूको पहिचान तथा निदान गर्ने तथा माटोको स्वस्थता कायम गर्ने उदेश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

**क) कार्यक्रममा गरिने कृयाकलाप**

(१) नगरपालिकाकाको कृषि क्षेत्र भनेर तोकिएको अन्न, फलफूल, तरकारी र अन्य बालीहरूको पकेट क्षेत्रलाई समेट्ने गरी समस्या देखिएका क्षेत्र तथा रसायनिक

विषादीको अत्याधिक प्रयोग भइरहेको क्षेत्रलाई सम्बोधन गर्ने गरी धेरै भन्दा धेरै कृषकलाई सहभागी बनाउन पायक पर्ने ठाउँमा वाली संरक्षण शिविर सञ्चालन गर्नु पर्दछ।

(२) बाली संरक्षण शिविर सञ्चालन हुने मिति, स्थान र समयको बारेमा कृषकलाई उपयुक्त माध्यमबाट समय मै जानकारी दिनु पर्नेछ।

(३) कृषकले ल्याएको बालीको समस्याको नमुना र कृषकसँग लिइएको जानकारीका आधारमा समस्या पहिचान गरी समाधानका उपायहरू कृषकले बुझ्ने गरी लिखित रुपमा कृषकलाई उपलब्ध गराउनु पर्नेछ। उक्त दिन बाली नमुनाको समस्या पहिचान हुन नसकेमा यथासक्य छिटो उपयुक्त निकायमा नमुना पठाई समस्याको पहिचान गराई सम्बन्धित कृषकलाई उचित व्यवस्थापनका उपायहरू सहित यथासक्य छिटो जानकारी गराउने व्यवस्था गर्नु पर्नेछ। साथै माटो परिक्षण लगाएतका कामहरू गरी किसानहरू लाई रिपोर्ट दिनुपर्ने छ।

(४) बाली संरक्षण शिविर एक स्थानमा १ देखि २ दिनको हुनेछ।

(५) बाली संरक्षाण शिविरमा सहभागी हुने कृषकहरूले दैनिक भ्रमण भत्ता, होटल बास खर्च र खाजा खर्च पाउने छैनन् साथै यस कार्यक्रममा कृषकबाट शुल्क लिने व्यवस्था हुने छैन। शिविरमा संभव भए सम्म विशेषज्ञको प्रत्यक्ष संलग्नता गराउनु पर्नेछ।

(६) सम्बन्धित पालिकामा बाली विशेषज्ञ तथा सम्बन्धीत क्षेत्रका प्राविधिक नभएमा कृषि ज्ञान केन्द्र, बाली संरक्षण प्रयोगशाला, अनुसन्धान केन्द्र, अध्ययन संस्थान वा प्राविधिक शिक्षालयबाट तालिम प्राप्त विशेषज्ञको सहयोग लिन सकिने छ।

(७) जिल्लामा अन्य संघ/संस्था/निकायबाट यस प्रकारको शिविर सञ्चालन गर्नु पर्ने भएमा लेटाङ नगरपालिकाको समन्वयमा सञ्चालन गर्नु पर्नेछ।

## ख) कार्यक्रम आर्थिक व्यवस्थापन तथा खर्च मापदण्ड

| सि न | विवरण | इकाई | परिमाण | दर | जम्मा रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रचार प्रसार तथा (ब्यानर/ लिफलेट /पम्पलेट/ माईकिङ, सुझाव पर्चा) | पटक | १ | ५००० | | बढीमा |
| २ | शिविर सञ्चालन सामग्री खरिद (एप्रोन, कैची,लेन्स, क्याप,भाइल,पेपर,केमिकल तथा सामग्रीहरू) | पटक | १ | प्रचलित बजार मूल्य अनुसार सिविरमा आवश्यक सामग्री व्यवस्थापनमा लाग्ने मूल्य | | |
| ३ | स्टेशनरी तथा क्लिनिकल रजिष्टर | पटक | १ | २००० | | बढीमा |
| ४ | शिविर सञ्चालन खाजा, खाना तथा यातायात ढुवानी खर्च अन्य) | जना | सङ्ख्या | २०० | | |
| ५ | प्रतिवेदन | पटक | सङ्ख्या | १००० | | |
| ६ | बाली संरक्षण सम्बन्धी सामग्री(प्रागारिक तथा रसायनिक विषादी सुक्ष्म खाधतत्वहरू) निशुल्क वितरण | पटक | १ | आर्थिक विकास समितिको निर्णयानुसार स्वीकृत बजेटको परिधिमा रहेर वितरण गरिने वस्तुको प्रचलित बजार मूल्यअनुसार | | |
| ७ | शिविरमा जाने विषय विज्ञ तथा प्राविधिकहरूको दैनिक भ्रमण | पटक | सङ्ख्या | नियमानुसार भ्रमण तथा यातायात खर्च | | |

| | | | | |
|---|---|---|---|---|
| | खर्च तथा यातायात बास खर्च | | | |

**२०. आइ.पि.एम( Intregrated paste management)कृषक पाठशाला तथा प्राङ्गारिक खेती प्रविधि विस्तार तथा प्रविधि कार्यक्रमः** (१)प्राङ्गारिक खेती प्रविधि कुनै एक बालीको सुरुको बाली लगाउने अवस्था देखि वाली टिप्ने अवस्था सम्मको जानकारी हासिल गर्न र रसायनिक प्रविधि खेती बीच भिन्नता थाहा पाउन मद्दत गर्छ साथै मानव स्वास्थ र वातावरणलाइ कुनै प्रभाव नपारी स्थानीय क्षेत्र मै सजिलै प्राप्त गर्ने श्रोत र साधनको सदुपयोग गरी सञ्चालन गरिन्छ।यस कार्यक्रममा १५ देखि २५ जना को सहभागिता रहनेछ।

**क) कार्यक्रममा गरिने कृयाकलाप/सञ्चालन प्रकृया/कार्यविधिः**

१) कार्यक्रममा सहभागी छनौट गर्दा समूहमा योगदान पुरयाएको आफूले सिकेको कुरा अरुलाई सिकाउन अग्रसर रही गाउँको कृषि विकासमा केहि गरौ भन्ने भावना भएको कृषक हुनुपर्नेछ।कार्यक्रममा महिला कृषकलाई प्राथमिकता दिई मिश्रित समूहबाट समेत सकभर महिला सहभागी छनौट गर्नुपर्नेछ। यस कार्यक्रममा स्थानीय स्तरमा रहेका विधालय ९ देखि १२ कक्षाका विधार्थीहरू समेत छनौट गरी सञ्चालन गर्न सकिनेछ।

२)यस कार्यक्रम अवधी लामो समय हुन्छ। कुनै विशेष बालीको उत्पादनको जग्गा तयारीको अवस्था देखि बाली भण्डारण सम्मको अवधि लाइ गनिन्छ।

३) कार्यक्रम व्यवस्थापन संलग्न हुने प्राविधिकहरू सँग मिलि तालिम कार्यक्रम तयार गरी कार्यक्रम संयोजकले निम्नानुसार कार्य गर्नु पर्नेछ।सहभागी हुने कृषकहरूलाई तालिमको जानकारी गराई सहभागी गराउने।

४)शैक्षिक सामग्रीहरू(श्रव्य दृश्य) को व्यवस्था मिलाई क्षमता विकास गर्ने।

५) कार्यक्रमको फिल्ड भ्रमण, फिल्ड तालिम, फिल्ड अध्ययन व्यवस्था भएमा सम्बन्धित संस्थाहरूसँग पूर्व सम्पर्क राखी कार्यक्रम निश्चित गरी प्रभावकारी बनाउने।

## ख) कार्यक्रमको आर्थिक व्यवस्थापन तथा खर्च मापदण्ड

| सि न | नर्मस विवरण | | इकाई दिन/ सेशन/ कक्षा | नर्मस |
|---|---|---|---|---|
| १ | समयावधि | | समयाधी | १ बाली |
| २ | वाह्य प्रशिक्षक | कार्यपत्र वापत | प्रति सेशन | पालिकाको तालिम सम्बन्धी स्वीकृत नर्मस र नियमानुसार |
| | | कक्षा वा प्रस्तुति वापत सञ्चालन | प्रति सेशन | |
| | आन्तरिक प्रशिक्षक | कार्यपत्र वापत | प्रति सेशन | |
| | | कक्षा वा प्रस्तुति वापत सञ्चालन | प्रति सेशन | |
| ३ | संयोजक भत्ता | | प्रति दिन | रु ५००।— |
| ४ | सहयोगी भत्ता | | प्रति दिन | रु ३००।— |
| ५ | प्रशिक्षार्थी सहभागी यातायात | | प्रति दिन | रु ५००।— |
| ६ | खाजा तथा चियापान | | व्यक्ति/दिन | रु २००।— |
| ७ | शैक्षिक सामग्री डायरी पेन | | व्यक्ति | रु १००।- |
| ८ | कार्यक्रममा तालिम सामग्री वा शैक्षिक सामग्री | | एक पटक | प्रचलित बजार दर अनुसार दुइ दिन |

| | | | |
|---|---|---|---|
| | | | सम्मको ५०००। २ दिनदेखि माथि ५ दिनसम्मको ७५००। सम्म |
| १० | कार्यक्रम प्रयोगात्मक सामग्री तथा विविध विविध खर्च | एकपटक | प्रचलित बजार दर अनुसार प्रयोगात्मक हुने दिन,सहभागि सङ्ख्या र प्रयोगात्मक कार्य अनुसार |
| ११ | सहभागी कृषक | जना | १५-३० |
| १२ | प्रतिवेदक | संख्या | १०००। |

## २१. च्याउ खेती प्रबर्द्धन विस्तार तथा विउ वितरण कार्यक्रम

**क) कार्यक्रममा गरिने कृयाकलाप/सञ्चालन प्रकृया/कार्यविधिः** (१) यस कार्यक्रममा दफा ९ वमोजिम सूचना प्रकाशन गरी च्याउ खेतीको विस्तार गर्नको लागि कृषकहरूलाई अनुदानको आधारमा च्याउको वीउ वितरण गरिन्छ।कृषकहरूलाइ च्याउ खेतीमा आकर्षित गराइ च्याउ खेतीको विकास गर्नु र आय आर्जनमा वृद्धि गर्नु र च्याउ खेतीमा आत्मनिर्भर बनाई रोजगारी श्रृजना गर्न सकिनेछ। यस कृषि कार्यक्रम सञ्चालन मापदणड अनुसार सूचना प्रकाशन गरी छनौट गरी निजि कृषि फर्म/कृषक समूह/ कृषि सहकारी छनौट गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

**ख) कार्यक्रमको आर्थिक व्यवस्थापन/सञ्चालन प्रकृया/ खर्च मापदण्ड**

(१) व्यावसायिक च्याउ खेती गरिरहेका र गर्न ईच्छुक कृषि फर्म/कृषक समूह/ कृषि सहकारी कुल लागतको गाँउपालिकाको ७५ प्रतिशत र लाभग्राही किसानको २५ प्रतिशत लागत साझेदारीमा तरकारी खेतीमा प्रयोग हुने वीउ तथा च्याउ खेतीमा

आवश्यक पर्ने कृषि सामग्री वितरण गरिनेछ ।

(२) अन्य खर्च मापदण्ड कार्यविधिको अन्य शीर्षकमा उल्लिखित नर्मस अनुसार हुनेछ।

**२२. मौरीपालन प्रबर्द्धन विस्तार तथा मौरी घार र रानु वितरण कार्यक्रम**

**क) कार्यक्रममा गरिने कृयाकलाप/सञ्चालन प्रकृया/कार्यविधिः** (१) यस कार्यक्रममा दफा ९ वमोजिम सूचना प्रकाशन गरी मौरीपालनको विस्तार गर्नको लागि कृषकहरूलाई अनुदानको आधारमा मौरी र घार वितरण गरिन्छ।कृषकहरूलाइ मौरीपालन खेतीमा आकर्षित गराइ मौरी खेतीको विकास गर्नु र आय आर्जनमा वृद्धि गर्नु र मौरी खेतीमा आत्मनिर्भर बनाई रोजगारी श्रृजना गर्न सकिनेछ। यस कृषि कार्यक्रम सञ्चालन मापदणड अनुसार सूचना प्रकाशन गरी छनौट गरी निजि कृषि फर्म/कृषक समूह/ कृषि सहकारी छनौट गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

**ख) कार्यक्रमको आर्थिक व्यवस्थापन /सञ्चालन प्रकृया/ खर्च मापदण्ड**

(१) व्यावसायिक मौरीपालन गरिरहेका र गर्न ईच्छुक कृषि फर्म/कृषक समूह/ कृषि सहकारी कुल लागतको गाँउपालिकाको ७५ प्रतिशत र लाभग्राही किसानको २५ प्रतिशत लागत साझेदारीमा मौरीपालन खेतीमा प्रयोग हुने घार,रानु तथा मौरीपालनमा आवश्यक पर्ने कृषि सामग्री वितरण गरिनेछ।

(२) अन्य खर्च मापदण्ड कार्यविधिको अन्य शीर्षकमा उल्लिखित नर्मस अनुसार हुनेछ।

## परिच्छेद- ७ माटो परीक्षण

**२३. माटो परीक्षण तथा सुधार कार्यक्रमः** (१) विभिन्न वाली वस्तुहरूमा लगाउने माटोमा रहेका खाद्यतत्व हरू अम्लिय तथा क्षारियपना प्राङ्गारिक पदार्थ आदिको अवस्था पहिचान गर्न, माटोको उर्वराशक्ति ह्रासलाई सुधार गरी विभिन्न बालीहरूको

आवश्यकता अनुरुप खाद्यतत्व आपूर्ति गर्न स्थलगत रुपमा कृषकहरूको खेतबारीको माटो परीक्षण सेवा तथा कृषि प्रयोगशालाबाट सेवा उपलब्ध गराउनको लागि यस कार्यक्रम सञ्चालन गरिनेछ।

## २४. माटो परीक्षण शिविर सञ्चालन तथा सुधार कार्यक्रम

**क) कार्यक्रममा गरिने कृयाकलाप/सञ्चालन प्रकृया/कार्यविधिः**

(१) स्थानीय तहले माटो परीक्षण प्रयोगशाला सँग समन्वय गरी कृषकहरूलाई कार्यक्रम बारे जानकारी गराई व्यवस्थापन गर्नु पर्दछ।साथै कार्यक्रम स्थल छनौट गर्दा कृषि चुन प्रयोग गर्न उतरसाहित कृषक रहेको क्षेत्र छनौट गर्नु पर्दछ।

(२) माटो परीक्षण का लागि आवश्यक रसायन,उपकरण र प्राविधिक सेवा स्थानीय तहले प्रयोगशाला सँग समन्वय गरी उपलब्ध गराउनु पर्नेछ।

(३) स्थानीय स्तरमा माटो व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरी माटो शिविर सञ्चालन गर्नु पर्दछ।

(४) माटो शिविर सञ्चालन गर्न देहाय अनुसार दुई तरिका अपनाउन सकिनेछ।

**(क) मोबाइल भ्यान घुम्ति शिविरः** यस तरिकामा माटो तथा मल परीक्षण प्रयोगशालाहरूमा रहेको मोबाइल भ्यान माग गरी सोको प्रयोग गरेर मोबाइल भ्यान पुग्न सक्ने स्थानमा सञ्चालन गरिनेछ।

**(ख) किट बक्स विधिः** यस तरिकामा प्राविधिकहरूबाट किट बक्सको साहयताले सडक सञ्जालको व्यवस्था नभएको स्थानमा किट बक्सबाट माटो शिविर सञ्चालन गरिनेछ।

(ग) माटो परीक्षण शिविर १-२ दिन सम्मको हुनेछ।पहिलो र दोश्रो दिनको माटो परीक्षण (दैनिक १०० वटा नमुना सम्म) माटो शिविरमा अन्तरक्रिया माटो परीक्षणको प्रतिवेदन कृषकलाई बुझाउने। रिपोट अनुसार कृषि चुन वितरण

गर्ने। माटो परीक्षण शिविर सञ्चालन प्रति शिविर स्वीकृत बजेटको परिधिमा रही लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ।

## ख) कार्यक्रमको आर्थिक पक्ष/सञ्चालन प्रकृया/खर्च मापदण्ड

### अ) मोवाईल भेन घुम्ति शिविर संचालन

| क्र.स | कार्यक्रम तथा क्रियाकलाप विवरण | जम्मा रु |
|---|---|---|
| १ | रसायन खरिद तथा तयारी (रि-एजेन्ट १०० नमुनाको लागि) | प्रति एकाइ लागत अनुसार आवश्यक सामग्रीको प्रचलित बजार मूल्यले हुन आउने खर्च |
| २ | ईन्धन खर्च | स्थान र दुरी अनुसार लाग्ने लागत मोवाइल भ्यान समेत कार्यक्रमको लागि |
| ३ | प्रतिवेदन | १०००।- |
| ४ | प्राविधिक दैनिक भ्रमण खर्च तथा यातायात खर्च( सवारी चालक सहित ५जना सम्मलाई अधिकतम ७ दिन) | भ्रमण खर्च नियामावली, अनुसार |
| ५ | व्यवस्थापन खर्च (व्यानर,खाजा,,स्टेशनरी आदी खर्च) | ५०००।- |
| ६ | ८५% अनुदानमा कृषि चुन खरिद,ढुवानी तथा वितरण | उपलब्ध बजेट परिधि भित्र मागको आधारित |
| ७ | विविध खर्च | आवश्यकता अनुसार |

## आ) किट बक्सबाट माटो शिविर संचालन

| क.स | कार्यक्रम तथा क्रियाकलाप विवरण | जम्मा रु |
|---|---|---|
| १ | रसायन तथा तयारी रि-एजेन्ट खरिद (१०० नमुनाको लागि) | प्रति एकाइ लागत अनुसार आवश्यक सामग्रीको प्रचलित बजार मूल्यले हुन आउने खर्च |
| २ | प्रतिवेदन तयार | १०००।- |
| ३ | प्राविधिक दैनिक भ्रमण खर्च वा यातायात ( ४ जना सम्मलाई अधिकतम ७ दिन) | भ्रमण खर्च नियामावली , अनुसार |
| ४ | व्यवस्थापन खर्च (व्यानर,खाजा,,स्टेशनरी आदी खर्च) | ५०००।- |
| ५ | ८५% अनुदानमा कृषि चुन खरिद,ढुवानी तथा वितरण | उपलब्ध बजेट परिधि भित्र मागको आधारित |
| ६ | डिजिटल पि.एच.मिटर खरिद (१ वटा ) (Specification अनुसार) | प्रचलित बजार मूल्य अनुसारको रकम |
| ७ | किटबक्स खरिद (२ थान) (Specification अनुसार) | प्रचलित बजार मूल्य अनुसारको रकम |
| ८ | विविध खर्च | आवश्यकता अनुसार |

## २५. माटो परीक्षण प्रयोगशाला सञ्चालन

### क) कार्यक्रममा गरिने कृयाकलाप/सञ्चालन प्रकृया/कार्यविधिः

(१) माटोमा रहेका विरुवाको खाद्यतत्व पहिचान, सम्वद्ध समस्याको समाधान,प्राङ्गारिक

श्रोतको प्रवर्द्धन गरी माटोको उर्वराशक्ति व्यवस्थापन, विरुवाको वृद्धि विकासमा सुधार ल्याई कृषि उत्पादकत्वमा सुधार ल्याउन लागि कृषकहरूलाई आवश्यकता परे अनुसार कृषि विकास शाखामा नै माटो परीक्षण प्रयोगशाला मार्फत माटो परीक्षण र माटो अवस्था बारे जानकारी प्रदान गरी आवश्यक सेवा प्रदान गर्न यस कार्यक्रम सञ्चालन गरिनेछ।

**ख) कार्यक्रमको आर्थिक पक्ष/सञ्चालन प्रकृया र खर्च मापदण्ड**

(१) यस अन्तरगत कृषकहरूले ल्याएको माटोको नमुना संकलन पश्चात परीक्षणका लागि ल्याएको नमुनालाई तपशिल बमोजिम राजश्व दस्तुर तिरी माटो परीक्षण गर्न सक्नेछ।

| क स | परीक्षण गर्ने खाधतत्व विवरण | राजश्व दस्तुर रु. प्रति माटोको नमुना | कैफियत |
|---|---|---|---|
| १ | माटोको पि.एच, नाइट्रोजन,फास्फोरस, पोटास, माटोको बुनोट, माटोको चिस्यान तथा तापक्रम | रु.५०।- | |

## परिच्छेद- ८ कृषि व्यवसायिकरण र यन्त्रीकरण

**२६. कृषि यान्त्रिकरण तथा व्यवसायिकरण सहयोग कार्यक्रमः** (१) कृषि यान्त्रिकरण कार्यक्रम मानविय श्रममा आधारित रहेका कारण कृषिजन्य बस्तुहरूको उत्पादन लागत बृद्धी भई बजारमा प्रतिस्पर्धा गर्न नसकेको, कृषि कार्यमा श्रमिकको बारम्बार अभाव भईराखेकाले खेतीयोग्य जमिन बाँझिन गएको स–साना कृषि औजार उपकरण तथा कृषि सामग्रीहरू उपलब्ध गराउने उद्देश्यले लेटाङ नगरपालिकाले यो कार्यक्रम ल्याएको हो।व्यवसायिक तथा

बेमौसमी बालीहरूको खेती विस्तार कार्यक्रम लेटाङ नगरपालिकामा खाधान्न,तरकारी,फलफुल तथा नगदेबालीको खेतीको राम्रो सम्भावना रहेकाले यहाको भुगोलको उपयोग गर्दै बालीहरूको बिस्तार गर्न यो कार्यक्रम ल्याईएको हो। यस कार्यक्रम अन्तर्गत दफा ९ वमोजिम सूचना प्रकाशन गरी कार्यक्रम सञ्चालन गरिनेछ।

**२७. मल्चिङ प्लाष्टीक वितरण कार्यक्रम**

**क) कार्यक्रममा गर्नुपर्ने कृयाकलाप/सञ्चालन प्रकृया/आर्थिक पक्ष र कार्यविधिः**

(१) व्यावसायिक तरकारी खेती गरिरहेका र गर्न ईच्छुक तरकारी खेती गर्न ईच्छुक किसानहरूलाई कुल लागतको गाँउपालिकाको ७५ प्रतिशत र लाभग्राही किसानको २५ प्रतिशत लागत साझेदारीमा तरकारी खेतीमा प्रयोग हुने मल्चीङ प्लाष्टीक वितरण गरिने छ ।

(२) तरकारी खेती गरिरहेका असङ्गठित क्षेत्रका किसानहरूले पनी यो कार्यक्रममा भाग लिन सक्नेछन।

**२८. नयाँ विकसीत तथा किसानको मागमा आधारित ७५ % अनुदानमा स-साना कृषि औजार उपकरण तथा सामग्री वितरण**

**क) कार्यक्रममा गर्नुपर्ने कृयाकलाप/सञ्चालन प्रकृया/आर्थिक पक्ष र कार्यविधिः**

यस कार्यक्रम अन्तर्गत यस कार्यविधिको दफा ४,५,६,७,८ र ९ अनुसार कार्यक्रमको सञ्चालन गरिनेछ।यस कार्यक्रम अन्तर्गत किसानहरूको मागमा आधारित रहेर नयाँ विकसीत तथा बजारमा उपलब्ध हुने स-साना कृषि औजार,उपकरण,टनेल प्लाष्टिकहरू तथा अन्य उत्पादन तथा प्रशोधन सँग सम्बन्धीत सामग्रीहरू माग गर्न सक्ने छन।यस्ता उपकरणमा २५% किसानको वा अनुदानग्राहीको प्रत्यक्ष लागत

साझेदारी हुनुपर्ने छ। यो रकम अनुदानग्राहीबाट कार्यालयमा रकम जम्मा गरी सार्वजनीक खरिद ऐन तथा नियमावली बमोजिम सामान खरिद गरी आवाश्यक प्रकृया पुरा गरेका अनुदानग्राही लाई सामग्री हस्तान्तरण गर्नु पर्नेछ। प्रविधि प्रचार प्रसारका लागि कार्यक्रममा उल्लेख गरी स-साना कृषि औजार उपकरणहरू किसानहरूलाई निशुल्क दिन समेत सकिनेछ।

## परिच्छेद- ८ विशेष बाली प्रवर्द्धन

### २९. मागमा आधारित बाली बिशेष प्रवर्द्धन तथा नविनतम कृषि प्रविधि कार्यक्रम

कृषकहरूको खेती प्रणाली ज्ञान सिपमा विकास गर्न तथा खेती प्रणाली व्यवसायिकरण र आधुनिकिकरण गर्न मद्धत गर्नको लागि नगर क्षेत्र भित्रका वडा, कृषि क्षेत्र तथा पकेट क्षेत्र बनाई उक्त क्षेत्रमा "एक कृषि क्षेत्र एक बाली र एक उत्पादन" भन्ने नारा सहित जलवायु तथा हावापानी अनुसारको बालीहरूको विस्तार तथा खेती प्रणालीमा परिवर्तन गरी आधुनिकीकरण र व्यवसायिकरण गर्नको लागि यस कार्यक्रम सञ्चालन गरिनेछ।

**क) कार्यक्रममा गरिने कृयाकलाप/सञ्चालन प्रकृया र खर्च मापदण्ड**

१) यस कार्यक्रम अन्तर्गत यस कार्यविधिको दफा ४, ५, ६, ७, ८ र ९ अनुसार कार्यक्रमको सञ्चालन गरिनेछ।यस अन्तर्गत बाली (सुन्तला, कफी, केरा, सुपारी, तरकारीबाली, धान, मकै, मौरीपालन, च्याउखेती, अलैंची तथा अन्य नगदे र औधोगिक बाली)

**ख) कार्यक्रमको आर्थिक व्यवस्था खर्च मापदण्ड/सञ्चालन प्रकृयाः** (१) यस कार्यक्रम अन्तर्गत मागको आधारमा कृषि विकास शाखाको प्राविधिकहरूको लागत इष्टिमेट र कार्यक्रम योजना अनुसार कम्तिमा २५% किसानको वा अनुदानग्राहीको

प्रत्यक्ष लागत साझेदारी हुनुपर्ने छ। कार्यालयको ७५% कार्यक्रम खर्चबाट व्यहोरिनेछ।

## परिच्छेद- ९ कृषि योजना र तथ्याङ्क

**३०. योजना,कृषि तथ्यांक,आर्थिक विश्लेषण तथा बालीको उत्पादनको आधारमा नगद प्रोहत्साहन कार्यक्रम।**

**३१.क्रप कटिङ कार्यक्रमः** कृषिजन्य बस्तुको बार्षिक उत्पादन गणना सम्बन्धी तथ्याङ्क अध्यावधिक गर्न तथा नगरपालिका भित्रको कृषि सम्बन्धीबालीको उत्पादन बारे जानकारी लिन बिभिन्न बाली बस्तुको बाली कटानी गरी जुनसुकै वालीको उत्पादन र जमिनको उत्पादकत्व सम्बन्धी तथ्याङ्क अध्यावधिक गर्न यो विधिबाट गणना कार्यक्रम सञ्चालन गरिनेछ।

(क) प्रति बाली कटानी खर्च स्थानीय जिल्ला दररेट अनुसार १ दिनको अदक्ष ज्यामी ज्याला बराबरको रकम खर्च गर्न सकिनेछ। उपयुक्त सबै कार्यक्रमहरू विनियोजित बजेट र स्वीकृत कार्यक्रमको परिधि भित्र रही सञ्चालन गर्नु पर्नेछ ।

(ख) क्रप कटिङ गरिसके पछि सम्बन्धित बालीको औषत उत्पादन सहितको नगरपालिकाको बार्षिक कृषि तथ्याङ्क सहितको प्रतिवेदन बनाउनु पर्नेछ।

(ग) समय र क्षेत्रफल प्राविधिकले निर्धारण गरेवमोजिम हुनेछ।

अ) कार्यक्रमको आर्थिक व्यवस्थापन खर्च मापदण्ड/सञ्चालन प्रकृया/कार्यविधिः

| क स | विवरण | इकाइ | रकम रु |
|---|---|---|---|
| १ | क्षतिपुर्ति वापत कृषकलाई दिइने रकम | १० वर्ग मिटर प्रति बाली | २०० |
| २ | प्राविधिक खर्च (क्रप कटिङ, थ्रेसिङ, सुकाउने र तौलने अदी वापत) | १० वर्ग मिटर प्रति बाली | ३०० |

नोटः संभव भए सम्म कृषकको सहमति र साझेदारीमा क्रप कटिङ गरिनेछ।

## ३२. कृषि सम्बन्धी जनचेतना कार्यक्रमहरूको चौमासिक गोष्ठी तथा बार्षिक समिक्षा गोष्ठी तथा बिभिन्न सरोकारवाला बिच गोष्ठी

(क) कार्यक्रमको उद्देश्य :- लेटाङ नगरपालिका भित्र कृषिलाई व्यवस्थित बनाउन, कृषि क्षेत्र भित्र देखिएको समस्याहरू समाधान गर्न , कृषि क्षेत्रको विकास सम्बन्धी सरोकारवाला विच छलफल गर्न साथै अनुसन्धान बाट प्राप्त उपलब्धीहरू तथा प्रविधिहरू किसान सम्म पुर्याउने साथै किसानका बास्तविक समस्याहरू अनुसन्धानकर्ता सम्म पुर्याउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो ।

(ख) सहभागीहरू :- सरोकारवाला पक्ष, सम्बन्धितक्षेत्रका बिषय बिज्ञ, किसानहरू तथा कृषि उद्यमीहरू, कृषि अनुसन्धान परिषदका बैज्ञानिकहरू, कृषि प्राविधिकहरू, कृषि ज्ञान केन्द्र तथा कृषि विकास निर्देशनालय

(ग) कार्यक्रम अवधी :- १ देखि २ दिन

(घ) कार्यक्रममा हुनुपर्ने छलफल :- कृषि क्षेत्र सँग सम्बन्धी त्रैमासिक, बार्षिक साथै बिभिन्न बिषयबस्तु सँग सम्बन्धी बिभिन्न सरोकारवाला बिच छलफल तथा गोष्ठी हुनु पर्नेछ।

(ङ) खर्च मापदण्ड : लेटाङ नगरपालिकाबाट स्वीकृत खर्च नर्म्स वा अर्थमन्त्रालय बाट पारित गोष्ठी सँग सम्बन्धीत नर्मस अनुसार खर्च गर्नु पर्नेछ।

## ३३. उत्पादनको आधारमा नगद प्रोत्साहन कार्यक्रम

**क) कार्यक्रममा गर्नुपर्ने कृयाकलाप/सञ्चालन प्रकृया/आर्थिक व्यवस्थापन र खर्च मापदण्डः**

यस कार्यक्रम अन्तर्गत लेटाङ नगरपालिकामा व्यवसायिक तवरले उत्पादन हुने बालीको प्रतिस्पर्धात्मक क्षमता बढाउन उत्पादन लागत कम गरि खेती विस्तार गर्न सहयोग पुर्याउनको लागि यस कार्यक्रम सञ्चालन गरिएको हो। लेटाङ नगरपालिका बार्षिक बजेट कार्यक्रम अनुसार यस कार्यविधि उल्लिखित मापदण्ड र छनौट विधि र कृषि विकास शाखाको स्थलगत प्रतिवेदन तथा क्रप कटीङ रिपोर्ट बमोजिम उक्त लाभग्राही कृषक/कृषक समूह/कृषि सहकारी नगद प्रोहत्साहन दिन सक्नेछ।

| क्रस | विवरण | प्रोत्साहन अनुदान रकम प्रतिशत/ चालु स्थानीय बजार मुल्य अनुसार | कैफियत |
|---|---|---|---|
| १ | तरकारीबाली (टमाटर, सिमी, काउली, बन्दा, बोडी, खोर्सानी साथै अन्य तरकारी बालीहरू) पुष्प खेती | ५% | कम्तिमा ५ कट्ठा भन्दा बढी खेती गरेको कृषक |
| २ | फलफुलबाली | ५% | कम्तिमा १० कठा भन्दा बढी खेती गरेको कृषक |
| ३ | नगदे तथा औधोगिक बाली | ५% | कम्तिमा १५ कठा भन्दा बढी खेती गरेको कृषक |

नोटः कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत बजेट भन्दा उत्पादन बढी भई अनुदान रकम नपुग भएमा नगरपालिकाले कोटा निर्धारण गर्न सक्नेछ।

## परिच्छेद -१० कृषक समूह, कृषि फर्म र विविध

**३४. कृषक समूह / कृषि फर्म दर्ता तथा नविकरण, कृषि मेला प्रदर्शनी, उत्कृष्ट कृषि पुरस्कार कार्यक्रम।**

**३५.कृषक दिवश (कृषि मेला प्रदर्शन साथै उत्कृष्ठ कृषक तथा कृषि उधमी पुरस्कृत कार्यक्रम) :** (१) किसान पेशा मानवको जिवन मरण सँग जोडिएको तर यही पेशा सँग सम्लग्न रही आजीवन काम गरिरहेका मानिसहरू समाजमा तिरस्कृत रुपमा बाच्नुपर्ने तथा सुविधाबिहिन भएर जिवन गुजारा गर्नुपर्ने तितो यथार्थ छ। त्यसैले कृषि पेशालाई मर्यादित पेशाको रुपमा चिनाउन तथा यस पेशामा लाग्न हौसला प्रदान गर्ने बिभिन्न कार्यक्रम सहित कृषक दिवस मनाउने सो अवसरमा कृषि मेला प्रदर्शनी सहित उत्कृष्ठ कृषि उधमीहरू पुरस्कृत गर्ने उदेश्यले यो कार्यक्रम ल्याईएको हो।

**३६. कृषि मेला प्रदर्शन**

(१) यो कार्यक्रममा खाध्यान्न, तरकारी, फलफुल, दलहन/तेलहन, व्यावसायिककिट (मौरी, च्याउ, रेसम), नगदेबाली (अदुवा/अलैची/बेसार/उखु), औधोगिकबाली (चिया/कफि/सुपारी), अन्य बाली (कन्दमुल तथा अन्य) लगाएतका कृषि बालिको प्रदर्शन गराईनेछ।

(२) यसरी नगरपालिका भित्र उत्पादन भई मुल्याङ्कन समिति बाट उत्कृष्ट ठहरिएका उपदफा १ बमोजिमका बालीहरू का बिभिन्न बिधाहरूमा पुरस्कृत गर्न सकिनेछ।

(३) कृषि मेला प्रदर्शनी तथा उत्कृष्ठ कृषक तथा कृषि उधमी पुरस्कृत कार्यक्रमका लागि कार्यक्रम आयोजक मुल व्यवस्थपन समिति तथा आवश्यकता अनुसार उपसमितिहरू गठन गरी सञ्चालन गर्न सकिनेछ। मुल व्यवस्थापन समिति

कार्यपालिकाले गठन गर्न सक्नेछ भने यसरी गठीत मुल व्यवस्थापन समिले आवश्यकता अनुसार उपसमितिहरू गठन गर्न सक्नेछ।

(४) कृषि मेला प्रदर्शनी कार्यक्रम सञ्चालन गर्दा वार्षिक स्वीकृत बजेटको परिधिभित्र रही कार्यक्रम तथा कृयाकलापहरूको लागत अनुमान सम्बन्धित कार्यालय प्रमुखबाट स्वीकृत गरी सञ्चालन गर्न सकिनेछ।

## ३७. उत्कृष्ट कृषक तथा कृषि उधमी पुरस्कार कार्यक्रम

(१) कृषि सम्बन्धी कुनै दिवश वा अन्य कुनै अवसर पारेर बर्षमा १ दिन कृषक दिवस मनाईनेछ र सो दिवसको अवसरमा विविध कृषि सम्बन्धी कार्ययक्रम गर्नुका साथै लेटाङ नगरपालिका भित्र लामो समयदेखी कृषि पेशा गरिरहेका सफल किसानहरूलाई सम्मान गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालनमा ल्याईएको हो ।

(२) **उत्कृष्ठ कृषक तथा कृषि उधमी छनौटका मापदण्डहरूः-**

क) कम्तिमा ५ बर्ष देखी कृषि पेशा गर्दै आएको ।

ख) कृषि उत्पादनका माध्यम बाट जिवनमा सफलता हासिल गरेको।

ग) कृषिकार्य बाट रोजगारी श्रृजना गरेको ।

घ) कृषिका आधुनिक प्रविधिहरू तथा बिविधता अबलम्बन्न गरेको।

ङ) समाजमा कृषिको विकास तथा प्रसार गर्न अमूल्ययोगदान पुर्याएको।

च) नैतिक पतन नभएको।

**(३) उल्लिखित मापदण्डका आधारमा** आर्थिक विकास समितिले छनौटको आवाश्यक प्रकृया तथा बिधि बारे निर्णय गरी उत्कृष्ठ किसान छनौट गरिने छ। यसरी छनौट गरिएका किसानहरू को अनुमोदनका लागि नगर कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने छ।

## ३८. दफा ३६ र ३७ को खर्च सम्बन्धी मापदण्ड :.

| सि न | कार्यक्रमको विवरण | | इकाई | परिमाण | दर | जम्मा रकम रु |
|---|---|---|---|---|---|---|
| क.स | कृषि मेला प्रदर्शन | | | | | |
| १. | कृषि मेला सम्बन्धी स्टेज व्यवस्थापन/साउन्ड सिस्टम व्यवस्थापन खर्च | | पटक | १ | १५००० | १५००० वा लागत अनुसार |
| २. | खाना/ खाजा खर्च (अथिति, पदाधिकारी र कर्मचारी) | | प्रति व्यक्ति | सङ्ख्या | २०० | |
| ३. | पुरस्कार | प्रथम | जना | | ४००० | |
| | | दितिय | जना | | ३००० | |
| | | तृतिय | जना | | २००० | |
| | | सान्तवना | जना | | १००० | |
| ४. | मुल्यांकनकर्ता पारिश्रमिक | | जना | ३ | २००० | |
| ५. | बाह्य मुल्यांकनकर्ता तथा दैनिक भ्रमण तथा यातायात खर्च तथा बास खर्च | | | नगरपालिका तथा दैनिक भ्रमण खर्च नियमावली अनुसार | | |
| ६. | विविध तथा अन्य खर्च | | | बजार दर रेट अनुसार तथा आवश्यकता अनुसार मात्र। | | |
| ख. | उत्कृष्ट कृषक तथा कृषि उधमी पुरस्कार कार्यक्रम | | | | | |
| १. | उत्कृष्ट कृषक पुरस्कार | | जना | | ५००० | |

लेटाङ नगरपालिका, मोरङ

| | | | | | |
|---|---|---|---|---|---|
| २. | मुल्यांकन कर्ता पारिश्रमिक खर्च | जना | | २००० | |
| ३. | कार्यक्रम मुल्यांकनमा अनुगमन निरिक्षण तथा खाजा /यातायात खर्च | पटक | ३ जना | स्थान र दुरी अनुसार भ्रमण खर्च र यातायात खर्च | |
| ४. | कार्यक्रमको दिनमा खाजा/खाना खर्च (आवश्यक भएमा) | पटक | सङ्ख्या | २०० | |
| ५ | विविध (प्रमाण पत्र दोसल्ला, मायाको चिनो, कार्यक्रम प्रचार प्रसार, प्रतिवेदन इत्यादी) | पटक | १ | ५००० | |

## ३९. अन्तर कृषक समूह हाजिरिजवाफ प्रतियोगिता

(१) कृषक समूहहरू बिच चिनजान,भावनात्मक एकता साथै अन्तर सम्बन्ध बिस्तार गर्दै सौहाद्रपुर्वक प्रतिस्प्रधात्मक क्षमता, प्रविधि र बजार विस्तार सूचना प्रविधिको प्रयोग गर्दै कृषि प्रसार गर्ने उदेश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

### क) कार्यक्रम सञ्चालन प्रकृया

(१) यो कार्यक्रममा लेटाङ नगरपालिकामा कृयाशिल कम्तिमा ५ जनाको कृषक समूह ५ वटै समूहहरूले भाग लिए पछि कार्यक्रम सञ्चालन गर्न सकिनेछ।समूह निर्माण अलग अलग टोलको हुनुपर्नेछ।

(२) यो कार्यक्रम सञ्चालन गर्नु अगावै कम्तिमा १५ दिनको अवधी राखि सुचना प्रकासन गरि सहभागीहरू एकिन गर्नु पर्नेछ ।

(३) सहभागीहरूलाई कृषि सम्बन्धि सम-सामहिक विषयमा बिषय बिज्ञहरू बाट प्रश्नहरू तयारी गरी कार्यक्रम सञ्चालन गरिनेछ।

## ख) आर्थिक व्यवस्थापन र खर्च मापदण्ड

| सि न | विवरण | | इकाई | परिमाण | दर |
|---|---|---|---|---|---|
| १ | खाजा (अतिथी र कर्मचारी) प्रति सहभागी | | जना | सङ्ख्या | २०० |
| २ | पुरस्कार | प्रथम | ग्रुप | १ | ७५०० |
| | | दितिय | ग्रुप | १ | ६००० |
| | | तृतिय | ग्रुप | १ | ४५०० |
| ३ | समन्वय र व्यवस्थापक | | जना | २ | १००० |
| ४ | प्रश्नपत्र निर्माणकर्ता पारिश्रमिक कम्तिमा ५० वटा समसामयिक प्रश्न | | जना | २ | १५०० |
| ५ | कार्यक्रममा सहभागी किसान तथा पदाधिकारी यातायात खर्च | | जना | | ५०० |
| ६ | विविध खर्च (पानी, प्रमाण पत्र, व्यानर चियापान साथै अन्य खर्च) | | पटक | १ | ५००० |

## ४०. कृषक समूह दर्ता/नविकरण सम्बन्धमा

लेटाङ नगरपालिकाले कृषि कार्य गर्ने उदेश्य भएका र समान आर्थिक अवस्था भएका १५देखि २५ जना कृषकहरू मिलाई साथै कृषकहरू बाट पनि स्वस्फुर्त कृषक समूह गठन गर्न सक्नेछन।

लेटाङ नगरपालिका, मोरङ

क) कृषक समूह गठनः-कृषक समूह दर्ता तथा सञ्चालन प्रकृया संघिय कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७५ बमोजिम हुनेछ।

ख) कृषक समूह गठन- पुनर्गठनका लागि निवेदन पेशः रु १०। -को टिकट टाँस गरी निवेदन,

ग) नयाँ कृषक समूह गठन राजश्व दस्तुरः रु.३००।-

घ) कृषक समूह नविकरण दस्तुरः रु.१५०।-

ङ) जरिवाना शुल्क म्याद सकिएको ३६ औं दिन देखि १ बर्ष सम्म रु. ५० र १ बर्षपछी प्रति बर्ष रु. १०० को दरले शुल्क थप हुदै जानेछ।

च) कृषक समूहको नविकरण म्याद २ आर्थिक वर्षको हुनेछ।

छ) कृषक समूहको दर्ता निवेदन तथा समूहको विवरण, समूह विवरण फारम, कृषक समूह दर्ता प्रमाण पत्र ढाँचा र कृषक समूहको विधान अनुसूची २, ३, ४ र ७ अनुसार हुनेछ।

**४१. कृषि फर्म दर्ता/नविकरण सम्बन्धमाः** (१) लेटाङ नगरपालिकाले कृषि कार्य गर्ने उदेश्य भएका निर्मित आफ्नो जमिन व्यवसायिक ढंगले कृषि क्षेत्र बनाई कृषिलाई नै मुल पेशा मानी आफ्नो कृषि कार्यलाई व्यवसायिककरण गर्न कृषि फर्म दर्ता गर्न सक्नेछन।

**क) कृषि फर्म दर्ताः** कृषकले आफ्नो खेती प्रणालीलाई आधुनिकीकरण र व्यवसायिकरण तरिकाले सञ्चालन गर्नका लागि कृषिलाई मुल पेशा मानी कृषि मै आत्मनिर्भर हुने उद्धेश्यले कृषि फर्म दर्ता गर्न सक्नेछन। त्यसका लागि अनुसुची ५ अनुसार निवेदन फारमको ढाँचा अनुसारको कागजात सहित कृषि विकास शाखामा निवेदन दर्ता गराउनु पर्दछ। तपशिल बमोजिम कृषि क्षेत्रको जग्गा अनुसार कृषि फर्म दर्ता हुनेछ।

**तपशिल**

| क्र.स | बाली | खेती गरिने जमिनको क्षेत्रफल |
|---|---|---|
| १. | तरकारीबाली | कम्तिमा १० कठा |
| २. | फलफुलबाली | कम्तिमा १५ कठा |
| ३. | खाधान्नबाली | कम्तिमा १ हेक्टर(३० कठा) |
| ४. | नगदे तथा औधोगिकबाली | कम्तिमा १५ कठा |
| ५. | मत्स्यपालन | पोखरीको क्षेत्रफल कम्तिमा ५ कठाको एक पोखरी |

ख) कृषि फर्म दर्ता-- निवेदन पेशः रु १०। -को टिकट

ग) कृषि फर्म दर्ता राजश्व दस्तुरः नगरपालिकाको आर्थिक ऐन अनुसार।

घ) कृषि फर्म नविकरण दस्तुरः नगरपालिकाको आर्थिक ऐन अनुसार।

ङ) जरिवाना शुल्क नगरपालिकाको आर्थिक ऐन अनुसार।

च) कृषक समूहको नविकरण म्याद १ आर्थिक वर्षको हुनेछ।

छ) कृषि फर्म दर्ता निवेदन तथा प्रमाण पत्र ढाँचा र कृषक समूहको विधान अनुसूची ५ र ६ अनुसार हुनेछ।

**४२. खारेजी तथा बचाउः** यो कार्यविधि जारी हुनु पूर्व कृषि सम्बन्धी भए गरेका कार्यहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ।संघ र प्रदेशको कार्यविधिसँग बाझिएमा त्यसरी बाझिएको हकमा संघीय कानुन बमोजिम हुने छ।

**४३**.वडा कार्यालयहरू बाट सञ्चालन हुने कृषिका कार्यक्रमहरू पनि यसै कार्यबिधि बमोजिम हुनेछ।

**४४.बाधा अड्चन फुकाउनेः-** यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा उत्पन्न भएमा तथा कुनै विषय अस्पष्ट भएमा आर्थिक विकास समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरी सो बाधा अड्चन फुकाउन सक्नेछ।

## अनुसुची १

कार्यक्रम माग आवेदन निवेदनको ढाँचा नमुना

श्रीमान् ................................ ज्यू मिति २०८।।

लेटाङ नगरपालिका, मोरङ

बिषयः ................ कार्यक्रम सम्बन्धमा।

महोदय,

उपरोक्त सम्बन्धमा लेटाङ नगरपालिका कृषि विकास शाखाको आ व २०८ /०८को वार्षिक स्वीकृत....................................... कार्यक्रम अनुसार म/हामी निवेदक लेटाङ वडा नं ........ निवासी...............................ले ताहाँ कृषि विकास शाखाको मिति २०८ / / को प्रकासित सूचना अनुसार कार्यक्रम प्रस्तावनाको लागि आवश्यक कागजात संलग्न राखी यो निवेदन पेश गर्दछु/गर्दछौ।

<u>सूचना अनुसार संलग्न कागजात</u>

१.

२.

३.

**<u>निवेदक</u>**

नाम थर

पद

ठेगाना

सम्पर्क नं

संस्था/फर्म/समूह/व्यक्ति

दस्तखत

संस्थाको छाप

लेटाङ नगरपालिका, मोरङ

## अनुसुची २
## समूह दर्ताको लागि निवेदन तथा विवरण फारम

श्री कृषि विकास शाखा
लेटाङ नगरपालिका नगरकार्यपालिको कार्यालय
लेटाङ, मोरङ

बिषयः समूह दर्ता गरी पाउँ।

महोदय,

श्री कृषि विकास शाखा..... को सहयोगमा/हामी आफै सँगठित भई..... नम्वर वडामा गठन भएको हाम्रो समूह दर्ता गरी पाउन निम्न सहित यो निवेदन गरेका छौ।

....................
समूह अगुवाको नाम र दस्तखत

लेटाङ नगरपालिका, मोरङ

## अनुसुची ३
## समूहको विवरण

समूहको नाम..........................................................स्थापना वर्ष............................

नगरपालिका...............................................................................

वडा न.......................गाउँ/टोल.........................................................

समूहको उद्देश्य..........................................................

सदस्य संख्या पुरुष.......................महिला......................जम्मा.....................................

पदाधिकारीहरूको नाम

| सि न | नाम | पद | सम्पर्क न | शैक्षिक योग्यता | उमेर | जग्गाको क्षेत्रफल | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |

नियमित बैठक बस्ने दिन..............................

प्रति महिना समूहको हितकोष संकलन हुन सक्ने रु..............................

हाल सम्मको हितकोष जम्मा रकम रु.............................

# अनुसुची ४

## समूह विवरण फारमको नमुना

लेटाङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कृषि विकास शाखा

## कृषक समूहको विवरण

| दर्ता नं | मिति | समूहको नाम | ठेगाना | अगुवा कृषकको नाम | सम्पर्क नं | समूहको किसिम | महिला | पुरुष | जम्मा | बैंक खाता नं | उद्देश्य | हितकोष रकम रु | मासिक बैठक मिति | प्रमाणित गर्नेको सहि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

लेटाङ नगरपालिका, मोरङ

## अनुसुची ५

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
लेटाङ, मोरङ

दर्ता नं
मिति

### कृषक समूह दर्ता प्रमाण पत्र

समूह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुरयाउने उद्देश्यले यसनगरपालिकाको वडा नं....... मा मिति ...........................................मा गठित श्री ........................................................ कृषक समूहलाई यस कार्यालयको कृषि विकास शाखाको अभिलेखमा दर्ता गरी यो प्रमाण—पत्र प्रदान गरिएको छ।

............................. ....................................
तयार गर्ने प्रमाणित गर्ने

मिति २०८ / /

अनुसूची ६

# लेटाङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# (कृषि विकास शाखा)
## लेटाङ, मोरङ

मिति-

**कृषि फार्म तथा कृषि उधोग दर्ता/सुचिकृत/नविकरण निवेदन**

श्रीमान् कार्यालय प्रमुख ज्यु
लेटाङ नगरपालिका(कृषि विकास शाखा), मोरङ।

बिषय-...............................दर्ता/सुचिकृत गरी पाउँ बारे।

महोदय,
उपरोक्त बिषयमा निम्न विवरण भएका......................................लाई त्यस कार्यालयमा दर्ता/सुचिकृत गरी प्रमाण- पत्र उपलब्ध गराई दिन हुनको लागि तपशिल वमोजिमका कागजात साथ रु.१० को टिकट टाँस गरी यो निवेदन पेश गर्दछु।

विवरणः-
१. दर्ता हुने कृषि फर्मको नामः-
२. ठेगाना :- सम्पर्क नंः-
३. स्थापना मितिः- फर्मको किसिम र उद्देश्यः-
४. सदस्य सँख्याः- जम्माः (महिला.......... पुरुष........)

| जनजाती | | | दलित | | अन्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

५. अन्य कार्यालयमा दर्ता भए सोको नाम र ठेगानाः-
६.सँस्थाले संचालन गरेको कार्यक्रमः-
७.सुरुको लगानी रकम रु.:- स्थिर पुँजी रु. चालु पुँजी रु.
८.हालको वार्षिक कारोबार रु.:- आम्दानी रु. मुनाफा रु.
९. गत आ.व. को कारोबार रु.- आम्दानी रु. मुनाफा रु.
१०. सुरुको बाली/ वार्षिक उत्पादनः
११. हालको बाली/ वार्षिक उत्पादनः
१२.गत आ.व.को बाली/ वार्षिक उत्पादनः

संलग्न कागजातहरुः
क. सम्बन्धित वडा कार्यालयको सिफारिस।
ख. आवेदकको शैक्षिक योग्यता/नागरिकता/जग्गा धनीपुर्जाको प्रतिलिपी/ तालिमको प्रमाण- पत्रको प्रतिलिपी।
ग. फर्म संचालकको आफ्नो नाममा जग्गा नभएमा भाडा वा लिजमा लिएको भए कम्तिमा ५ वर्षको जग्गा भाडाको सम्पझौता पत्रको प्रतिलिपी।
घ. अन्य कार्यालयमा दर्ता भएमा दर्ता प्रमाण-पत्रको प्रतिलिपी।

**निवेदक**
व्यक्ति/संस्थाको नामः
पदः
ठेगानाः
सम्पर्क नंः
सहिः
संस्थाको छापः

अनुसूची ७

# लेटाङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# (कृषि विकास शाखा)
कोशी प्रदेश, लेटाङ, मोरङ

फोटो

दर्ता नं:-
मितिः- मितिः-

## निजि कृषि फर्म दर्ता प्रमाण- पत्र

श्री .............................................................................फर्म
सम्वत..............साल..........महिना.......गते रोज........मा निजि कृषि फर्मलाई यस कृषि विकास शाखामा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

प्रोपाईटरको नामः-
ठेगानाः-
फर्मको ठेगानाः-
पुँजी रु.:- स्थिर रु. चालु रु.
उद्देश्यः-

वार्षिक उत्पादन क्षमताः-

........................... ..............................
तयार गर्ने प्रमाणित गर्ने

## नविकरण सम्बन्धी विवरण

| नविकरण भएको मिति | नविकरण अवधि | | प्रमाणित गर्ने अधिकृतको सहि |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |



लेटाङ नगरपालिका, मोरङ

## अनुसूची ८
## कृषक समूहको विधान(नमुना)

**परिचय**

नेपाल जस्तो विकासोन्मुख मुलुकको लागि समूहको अवधारणा अन्यन्त महत्वपूर्ण छ। त्यसमा पनि कृषि विकासको सन्दर्भमा समूहले अझै अहम भुमिका खेल्दछ। कृषककै कृषकले भरिएको हाम्रो जस्ती देशमा सिमित जनशक्ति र श्रोत साधनबाट कृषकवर्ग बीच यथोचित सेवा पुर्याउन कठिन र बढी खर्चिलो पनि हुने हुदाँ कृषक समूह सेवा प्रवाह गर्ने उपयुक्त माध्यम हुन सक्छ।

यस सन्दर्भमा समूह गठन देखि लिएर सन्चालन र परिपक्व अवस्था नपुगुन्जेलसम्म अत्यन्त सावधानी लिनुपर्ने हुन्छ। अलिकति समय बढी नै लगाएर समूह मुर्तरुप पाउनु पर्दछ।स्वत स्फुर्त समूह मात्र दिगो र स्वावलम्बी हुन्छन। समूह गठन भएपछि समूह भित्र योजना तर्जुमा कार्यान्वयन अनुगमन र मूल्याङ्कनको साथै बैठक सञ्चालन जस्ता कार्यहरू सही अर्थमा सन्चालन गर्नुपर्छ। समूह भित्र पारदर्शिता, प्रजातान्त्रिक अभ्यास र इमान्दरिताबाट समूह लक्ष्य र सुदृढ बन्ने कुरा निश्चित छ।

**प्रस्तावना**

कृषिजन्य बस्तुको उत्पादन, उतुपादकत्व बढाउन, उत्पादन सामग्री सुलभ बनाउन, उत्पादित सामग्रीको विक्री वितरण, भण्डारण व्यवस्थापन गरी उन्नत वीउ एवं आयवृद्धि, बचत संकलनबाट आत्मनिर्भर हुनको लागि कृषि शाखा........................... नगर कार्यपालिकाको सहयोगमा श्री.................................................... कृषक समूह गठन गर्यौं।

**१.प्रारम्भिकः**

**१.१ संक्षिप्त नाम र प्रारम्भ :**

क) यस समूहको नाम"श्री.................................................कृषक समूह–२०८ " रहनेछ।

ख) यो विधान समूह सम्बन्धित स्थानीय तहको कृषि विकास शाखाले हेर्ने इकाईमा दर्ता भएपछि तुरुन्त लागु हुनेछ।

**१.२ परिभाषाः**

विषय र प्रसँगको अर्को अर्थ नलागेमा यो विधानमा

क) समूह भन्नाले यस विधानमा उल्लिखित कृषि कार्यद्धारा कृषि उपजको उत्पादन र उत्पादकत्व बढाई आय आर्जन गर्न ईच्छुक कृषकहरूको समूहलाई जनाउदछ।

ख)सदस्य भन्नाले कृषक जो....................... कृषक समूहको उद्देश्य अनुसार उत्पादन र उत्पादकत्व बढाउन विधानको दफा ३ वमोजिम सद्स्यता लिएको हुन्छ।

ग)कार्य समिति भन्नाले"विधान अनुसार निर्वाचित अध्यक्ष,उपाध्यक्ष,सचिव,सहसचिव,कोषाध्यक्ष तथा सदस्य पदाधिकारी" हरूलाई जनाउदछ।

घ) साधारण सभा भन्नाले यस विधानको दफा ४ वमोजिम गठित सभालाई जनाउदछ।

**१.३ समूहको छाप**

गोलो घेरा भित्र यस समूहको नाम"श्री .................... कृषक समूह—२०८ " पढन सकिनेछ।

**१.४ समूहको कार्यालयः**

यस समूहको कार्यालय.....................जिल्ला........................न.पा वडा नं........................मा रहनेछ।

**१.५ समूहको दर्ताः**

कृषक समूह सम्बन्धित स्थानीय तहको कृषि विकास शाखामा दर्ता गर्नु पर्नेछ। साथै अनिवार्य रुपले आन्तरिक राजश्व कार्यालयमा समेत दर्ता गरी स्थायी लेखा नं लिनु पर्नेछ।

**२. उद्देश्य र कार्य**

**२.१ उद्देश्य :**

सदस्यहरूको सामजिक,आर्थिक,कृषि जन्य व्यवसायिक हितलाई ध्यान राखी देहाय वमोजिम समूहको उद्देश्य हुनेछ।

क)कृषि व्यवसायलाई आधुनिकिकरण उवं विविधिकरण गरी उत्पादकत्व उत्पादन वृद्धिका लागि उक जुट भई काम गर्ने।

ख) सदस्यहरूको आर्थिक तथा सामाजिक जिवनस्तर उठाउने।

ग)सदस्यहरूमा स्वालम्बनको ज्ञान पारस्परिक सहयोग र मितव्ययिता भावानासिल गर्ने।

समूहको विधान दफा २.१ वमोजिम उद्देश्यहरू प्राप्त गर्न यो समूहले देहमय बमोजिम कार्यहरू गर्नेछ।

१. उन्नत प्रविधि खेती गरी उत्पादन एवं उत्पादकत्व बढाउने।
२. विज वृद्धि गरी आत्मनिर्भर हुने
३. कृषि उत्पादनबाट आय वृद्धि गर्ने

४. उन्नत प्रविधि अपनाउने
५. समूहबाट बजार व्यवस्थापन गर्ने
६. कृषकद्धारा उत्पादित बस्तुको मुल्यमा एकरुपता ल्याउने।
७. भण्डारणको व्यवस्था
८. सदस्यको सीपमा वृद्धि गर्नका लागि अन्य कार्यक्रमहरू तर्जुमा गरी संचालित गर्ने।
९. सदस्य बीच स्वालम्बन, पारिस्परिक सहयोग एवं मितव्ययीता अभिवृद्धी गरी नियमित बचत गर्ने।
१०. समूह सदस्यहरूमा उत्पादनशिल आयमुलक एवं सिपमुलक उद्देश्यका लागि सुलभ व्याजदरमा ऋण प्रदान गर्ने।
११. आफ्नो उद्देश्य प्राप्तिका लागि समान उद्देश्य भएका स्थानीय क्षेत्र, राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थासँग सहयोगात्मक भावना राख्ने।
१२. सिँचाईको सुविधा उपलब्ध गराउने।
१३. खेती विकास योजना तयार गर्न एव पकेट प्याकेझ कार्यक्रमलाई सहयोग पुर्याउने।
१४. सघन कृषि विकास कार्यक्रमलाई सघाउ पुर्याउने।
१५. नगदेवाली उत्पादन,भण्डारण,प्रशोधन तथा विक्री वितरण व्यवस्था गर्ने।
१६. संकलित बचत/हितकोष संकलन गर्ने।
१७. समूह वा सदस्यलाई अनावश्यक ऋण उपलब्ध नगराउने।
१८. माथि उल्लिखित उद्देश्यहरू पुर्ति गर्न अन्य कार्य गर्ने।

**३. सदस्यता**

एकै उद्देश्य एवं समान अर्थिक अवस्था भएको यस समूहको विधानको परिधि भित्र रहने इच्छा गरेको व्यक्तिलाई समूहको सदस्यता प्रदान गर्न सकिनेछ। तर सदस्य हुन चाहने व्यक्तिले कम्तिमा समूह सदस्यहरूको लिखित सिफारिस साथ दरखास्त दिनु पर्नेछ।

**३.१ सदस्यको लागि सदस्यता**

क) आफै खेतीपाती गरेको/गर्न सक्षम भएको
ख) समूहको उद्देश्य अनुरुप कार्य गर्न ईच्छुक भएको।
ग) समूहको विधान अनुसार कार्य गर्न मन्जुरी भएको।
घ) कृषक— कृषक बीच आपसी सहयोग बढाउन इच्छुक भएको।
ङ) सदस्यताको लागि १६ वर्ष उमेर पुगेको हुनु पर्ने।

**३.२ साधारण सदस्य**

सदस्यता शुल्क रु........ तिरी साधारण सदस्यताको निवेदन दिई कार्य समिति निर्णय वमोजिम साधारण सदस्यताप्राप्त गर्न सक्ने छ। यस्तो सदस्यले मासिक बचत रु......

प्रत्येक महिना जम्मा गर्नु पर्नेछ। समूह गठन भईसकेपछि कुनै पनि योग्यता पुगेको व्यक्तिले समूह सदस्यता लिन चाहेमा समूहमा आवद्ध प्रति सदस्य बराबर उक्त मिति सम्म संचित हितकोष र सोको व्याज साथै नियमानुसार अन्य शुल्क बुझाई सदस्यता प्रापत गर्न सक्नेछ।

### ३.३ सदस्यता कायम नरहने अवस्था(सदस्यको अयोग्यता)

कार्य समितिले निम्न अवस्थामा सदस्यहरूलाई सदस्यहरूलाई सदस्यताको लागि अयोग्य ठहराई समाप्त गर्न सक्नेछ।

क) तोकिएको मासिक बचत तथा अन्य तिर्नुपर्ने रकमहरू ३ महिना सम्म नतिरेमा।

ख) विधानको उद्देश्य विपरित कार्य गरेमा वा समूहको रकम वा कागजात हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्य समितिबाट निस्कासन गरेमा र सदस्यताबाट राजिनामा दिएमा।

ग) अपराधिक कार्यमा संलग्न भएको दोषी प्रमाणित भएमा।

घ) कृषि पेशा त्यागी अन्य कार्य गर्न थालेमा।

ङ) मृत्यु भएमा।

च) समूहको सिद्धान्त वा नियम वा प्रतिष्ठामा आँच  बउने कार्य गरेमा।

## ४. साधारण सभा तथा कार्य समिति

### ४.१ साधारण सभा

यस समूहको सदस्यता प्राप्त सम्पुर्ण सदस्य साधारण सभाको सदस्य हुने छ जुन समूहको उच्चतम निकाय हुनेछ। यसले विधान पारित एवं सशोधन गर्न सक्नेछ। साधारण सभा वर्षमा एक पटक बस्नेछ। तर आवश्यकता अनुसार जुनसुकै बेला साधारण सभा बोलाउन सकिनेछ।

### ४.२ साधारण सभाको अधिवेशन

कारय समितिले तोकेको मिति र समयमा यस समूहको सचिवले अध्यक्षको परामर्श लिई लिखित सूचनाद्धारा सम्पुर्ण सदस्यलाई साधारण सभाको स्थान,समय,मिति तथा एजेण्डाको जानकारी गराउनु पर्नेछ।

### ४.३ साधारण सभाको काम कर्तव्य र अधिकार

क)कार्य समितिको निर्वाचन गर्ने तथा गठन गर्ने।

ख) विधान संशोधन गर्ने।

ग) वार्षिक बजेटको अनुमोदन गर्ने।

घ) समूहको वार्षिक कार्यक्रम स्वीकृत गर्ने।

ङ) समूहको वार्षिक कार्य योजना बनाउने।

च) कार्ययोजना बनाउदा ६० प्रतिशत कृषि कार्यक्रम बनाउने।

**४.४ साधारण सभाको गणपूरक संख्या**

समूहको साधारण सभाको बैठकमा कम्तिमा पनि ५१ प्रतिशत सदस्यहरूको उपस्थितिमा हुनु पर्नेछ। यदि सो नभए फेरी ३ दिन भित्र अर्को सभा बोलाउनु पर्नेछ। यसमा कुल साधारण सदस्यको २५ प्रतिशत उपस्थिति भएमा पनि यो सभाको बैठक बस्नेछ।

**४.५ कार्य समिति गठन विधि**

क) कार्य समिति ७ सदस्यीय हुनेछ।

ख) कार्य समितिमा अध्यक्ष सचिव कोषाध्यक्ष तथा सदस्यहरू रहने छन। आवश्यकता अनुसार उपाध्यक्ष तथा सह सचिव को व्यवस्था गर्न सकिनेछ।

ग) कार्य समितिका पदाधिकारीहरूको बैठक हरेक महिनाको............. गते हुनेछ। तर आवश्यकता अनुसार जुनसुकै समयमा बस्न सक्नेछ।

घ) कार्य समितिको पदाधिकारीहरूको कार्य अवधि २ वर्षको हुनेछ।

ङ) कार्य समितिको कुनै पद खाली भएमा साधारण सदस्य मध्येबाट कसैलाइ पनि समितिको पदमा समितिको बहुमतबाट मनोनित गर्न सक्नेछ।

च) कार्य समितिको कोरम २/३ लाई मानिनेछ तथा निर्णय बहुमतद्धारा हुनेछ।

छ) साधारण सभा सदस्यहरूले आफु मध्येबाट निर्वाचन प्रकृयाद्धारा अध्यक्ष सचिव कोषाध्यक्ष तथा अन्य पदाधिकारीहरूको चयन गरी कार्य समिति गठन गर्नेछ। तर अध्यक्ष सचिव कोषाध्यक्ष मध्ये एक पदमा महिला सदस्य अनिवार्य रुपमा हुनु पर्दछ।

**४.६ कार्य समितिको काम कर्तव्य र अधिकार**

क) विधानको परिधि भित्र रही, समूहको उद्देश्य अनुरुप साधारण सभाले गरेको निति निर्देशन लाई पालन गर्ने।

ख) समूहको वार्षिक कार्यक्रम बनाउने तथा समूहको कृयाकलापहरू सञ्चालन गर्ने।

ग) सहकारी तथा गैर सहकारी संस्थाहरूसँग सम्पर्क वृद्धि गर्ने कृषि सम्बन्धी अन्य संघ संस्थाहरू सँग सम्पर्क गरी बढी भन्दा बढी सहयोग प्राप्त गर्ने।

घ) सहकारीमा जाने प्रयास गर्ने।

ङ) समूहको कार्य योजना बनाई लागु गर्ने।

च) समूहको वार्षिक प्रतिवेदन बनाउने र प्रस्तुत गर्ने।

**४.७ समूहको बैठक**

समूहको नियमित बैठक प्रत्येक महिनाको........... गते बस्नेछ। समूह बैठकहरू कार्य समितिले निधो गरेको ठाउँ मिति र समयमा नियमित रुपमा बस्नेछ। पुर्व निर्धारित बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भउमा सो को जानकारी कारण सहित

पहिले नै दिनु पर्दछ। लगातार तीन बैठकमा उपस्थिति नहुने सदस्यलाई समूहको सहमतीको आधारमा निष्कासित गरिनेछ।

**५. पदाधिकारीको काम कर्तव्य र अधिकार**

**५.१ अध्यक्षको काम कर्तव्य अधिकार**

क) आवश्यक अनुसार बैठक र साधारण सभा बोलाउने।

ख) समूहलाई क्रियाशिल गराउने र उद्देश्य प्राप्तिका गि आवश्यक कार्य गर्ने।

ग) बैठक अध्यक्षता गर्ने तथा बैठक नियन्त्रण गर्ने।

घ) कुनै बिषयमा मतदान हुदाँ मत बराबर भएमा निर्णायक मत दिने।

ङ) विधान तोकिए अनुसार साधारण सदस्यले माग गरे अनुरुप विशेष साधारण सभा बोलाउने।

च) समूहले तोकेको काम कारवाही गर्ने।

छ) समूहमा उठेका विवादहरू समाधान गर्ने।

ज) समूह र स्थानीय तहको सम्बन्धित निकायहरू सँग सम्पर्क व्यक्तिको रुपमा काम गर्ने।

झ) समूहको निर्णय, कार्यक्रम र कृयाकलाप, भएका कारवाही एवं समस्याहरूको अभिलेख राख्न सचिवलाई सहजिकरण गर्ने।

ञ) वार्षिक कार्ययोजनाको कार्यान्वयन एवं समूह परिचालनको नेतृत्व लिने।

ट) समूह बैठकमा भउका निर्णय, वार्षिक साधारण समितिका निर्णय, वार्षिक प्रगति प्रतिवेदन लगायतका कागजातहरू आवश्यकता अनुसार सम्बन्धित निकायमा पेश गर्ने।

ठ) समूह सदस्यहरूलाई आफ्ना समस्याहरूको पहिचान र तिनको प्राथमिकता तोक्न सघाउनु र साथै उक्त समस्याहरू समाधान गर्न कार्यक्रम बनाउन र कार्यान्वयन गर्न लगाउने।

ड) सदस्यहरूलाई कृयाशिल गराई समन्वय र सहकार्य गर्ने।

ढ) समूह सदस्यहरू बीच मतभेद व्यवस्थापनका लागि सहजिकरण गर्ने।

**५.२ उपाध्यक्षको काम कर्तव्य र अधिकार**

क) अध्यक्षको कार्यमा सहयोग गर्ने।

ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्य गर्ने।

ग) कार्य समितिले तोकेको कार्य गर्ने।

**५.३ सचिवको काम कर्तव्य र अधिकार**

क) अध्यक्षसँगको परामर्शमा बैठक बोलाउने।

ख) बैठकको तयारी गर्ने।

ग) समूहको निर्णय पुस्तिका तयार गर्ने।

घ) समूहको सम्पुर्ण कागजातहरू सुरक्षित राख्ने।

ङ) समूह बैठक एवं साधारण सभाबाट पारीत निर्णयको कार्यान्वयनका लिग पहल गर्ने।

च) वार्षिक प्रतिवेदन तयार पारी साधारण सभा पेश गर्ने।

छ) समूहको कार्य योजना निर्माणमा सहयोग गर्ने।

ज) कार्य समितिले तोकेको कार्य गर्ने।

**५.४ कोषाध्यक्षको काम कर्तव्य र अधिकार**

क) समूहको हितकोष रकम नियमित उठाउने र फरफारक गर्ने।

ख) समूह हितकोष व्यवस्थापन गर्ने।

ग) समूहको सबै कोषको हिसाब किताब सुरक्षित र दुरुस्त राख्ने।

घ) समूहको चल अचल सम्पुर्ण सम्पतिको सुरक्षाको जिम्मेवारी लिने।

ङ) समूहको वार्षिक बजेट तयार पार्ने र साधारण सभामा वार्षिक प्रतिवेदन पेश एवं लेखापरीक्षण गराउने

च) समूह अध्यक्ष वा सचिव सँग मिलि खाता सन्चालन गर्ने।

छ) कार्य समितिले तोकेको अन्य कार्य गर्ने।

**५.५ कार्य समिति सदस्यको काम कर्तव्य र अधिकार**

क) आवश्यकता अनुसार समूहका अन्य उपसमितिमा रहि जिम्मेवारी बहन गर्ने।

ख) कार्य समितिले तोकेको अन्य कार्य गर्ने।

**६. आर्थिक अवस्था**

**६.१ आर्थिक श्रोत**

क) यस समूहको सदस्यहरूबाट प्राप्त सदस्यता शुल्क

ख) समूहको अन्य कृयाकलापबाट भएको आम्दानी

ग) समूहको सदस्यले बचत गर्ने मासिक बचत

घ) समूहबाट ऋण लगानी गदाँ प्राप्त व्याज

ङ) समूहले अन्य संघ संस्थाबाट पाएको अवसरबाट समूह सदस्यले पाउने निश्चित पारिश्रमिक.......... प्रतिशत लेबी

च) समूह सदस्यले आफ्नो नामबाट गर्को बचत

छ) विलम्ब शुल्क्

ज) अन्य....................

**६.२ हितकोष**

**क) श्री ..........................................** कृषक समूहको एक हितकोष हुने छ।

**ख) श्री........................................** बैंकमा समूहको खाता रहनेछ।

**६.३ हितकोष परिचालन**

क) हितकोष रकमको कम्तिमा ५० प्रतिशत कृषि कार्यमा सन्चालन गर्नु पर्नेछ।

ख) समूह सदस्यलाई आवश्यकता भएमा हितकोषबाट ऋण/सापट लिन सक्नेछ।

ग) सदस्यले ऋण माग गर्न निवेदन दिनु पर्नेछ।

घ) कृषि कार्यको लागि लिईएको ऋणमा..................................... प्रतिशत मासिक व्याज लाग्नेछ।

ङ) अन्य ऋणमा..................................... प्रतिशत मासिक व्याज लागने छ।

च) मासिक व्याज मासिक बचत रकम एवं ऋणी सदस्यले तोकिए बमोजिम ऋण किस्ता प्रत्येक महिना बुझाउनु पर्नेछ।

छ) ऋण लग्दा ऋण रकममा.................. प्रतिशत सेवा शुल्क बझाउनु पर्नेछ।

ज) ..................बैंकमा समूह/अगुवा वा सचिव र कोषाध्यक्षको सँयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ।श्रोत/हितकोष परिचालनका उपायहरूलाई मुख्यता २ वर्ग(आवश्यक खर्च र आन्तरिक लगानी) मा विभाजन गर्न सकिन्छ।

**झ) आवश्यक खर्च–** आवश्यक खर्च भन्नाले कार्यालय र प्रशासनिक खर्च भन्ने जनाउदछ।

१. कार्यालय खर्च(कापी कलम विल भौचर फाइल रजिष्टर खाता पत्रपत्रिका)

२. फर्निचर खर्च

३. ढुवानी तथा घर भाडा

४. अन्य संस्था सदस्यता लिदा तिर्नुपर्ने खर्च र वार्षिक नविकरण खर्च

५. लेखा परीक्षण खर्च

६. कर्मचारी पारिदश्रमिक खर्च

७. साधारण सभा खर्च

८. विविध

क) आन्तरिक लगानी – आन्तरिक लगानी भन्नाले समूह भित्रको सदस्य बीचको लगानी भन्ने जनाउदछ।

- उत्पादनकुलक कार्य
- मल वीउ बाली संरक्षण तरकारी बोट विरुवा किन्न र प्रयोग गर्न।

- आयमुलक कार्य गर्ने(स्थानीय सिप, रेशम पालन, सिलाई बुनाई,)
- आयमुलक कार्य गर्न।
- घरेलु आयमुलक कार्य गर्न।
- सामजिक कार्य जस्तै सफाई अभियान, पहिरो नियन्त्रण, वृक्षारोपण, कुलो निर्माण, स्वस्थ वातावरण आदि।
- सिप विकास जस्तै प्याकिङ, नर्सरी तालिम
- बौद्धिक कार्य जस्तै महिला विकास
- पूंजी लगानी,कर्जा प्रवाह र शेयर खरिद आदी।

**६.४ विलम्ब शुल्क**

क) मासिक शुल्क रकम तोकेको समयमा नतिरेमा पहिलो महिना प्रति दिन रु................ विलम्ब शुल्क लाग्ने छ।

ख) दोश्रो महिना प्रति दिन रु................ विलम्ब शुल्क लाग्नेछ।

ग) तेश्रो महिना प्रति दिन रु................

घ) चौथो महिनाबाट सदस्यता खारेज हुनेछ।

ङ) प्रत्येक महिना बुझाउनु पर्ने ऋण किस्ता र व्याज नबुझाएमा प्रति महिना रु................प्रति दिन दोश्रो महिना रु................प्रति दिन र तेश्रो महिना रु................ प्रति दिन विलम्ब शुल्क लाग्ने छ। चौथो महिना ऋण रकम व्याजहर ऋणी र जमानी सदस्यहरूबाट असुल उपर गरिनेछ।

च) एक सदस्यको जमानि बसेको सदस्यले अर्कोको पुन जमानी बस्ने छैन।

छ) जमानी सदस्यले ऋण पाउने छैन तर ऋणी सदस्यले ऋण तिरी सके पछि जमानी सदस्यले ऋण पाउन सक्ने छ।

ज) ऋण लिएको सदस्यले अरुको जमानी बस्न पाउने छैन।

झ) ऋण लिनको लागि................सम्म एक सदस्यको जमानी रु................ सम्म दूई सदस्य र रु................ सम्म तिन सदस्यको जमानी चाहिनेछ।

**६.५ लगानीको सुरक्षण**

कुनै पनि व्यक्तिले आफ्नो नाममा जम्मा भएको हितकोषको अधिकतम ९० प्रतिशत सम्म मात्र ऋण लिन पाउनेछ।यदि व्यक्तिको नामा संकलित हितकोष ९० प्रतिशत भन्दा बढी ऋण लिनुपर्ने भएमा सोहि समूहका अन्य २ जना सदस्यको साम्हिक जमानीमा ऋण दिन सक्नेछ।ऋण लिने व्यक्तिले तिर्नुपर्ने साँवा व्याज रकम नतिरेमा/तिर्न नसकेको खण्डमा जमानी बसेका सदस्य मार्फत व्यक्तिले असुल उपर

गर्नुपर्नेछ। यदि जमानी मार्फत पनि असुल उपर हुन नसकेको अवस्थमा नेपाल सरकारको प्रचलित नियमानुसार कारवाही प्रक्रिया अगाडी बढाईने छ। ऋण लगानि एवं असुल उपर गर्न उप समितिको स्वीकृत लिनु पर्नेछ। ऋण उप समितिका सदस्यहरू कसैकव पनि जमानि बस्न पाइने छैन।

**६.६ लेखा परीक्षण**

प्रत्येक कृषक समूहले रजिष्टर्ड लेखा परीक्षण अनिवार्य रुपमा गराउनु पर्दछ। यसरी गरिएका लेखा परीक्षणहरू वार्षिक साधारण सभाको पूर्ण बहुमतबाट अनुमोदन गर्नु पर्दछ। मुनाफा सम्पुर्ण सदस्यलाई प्रत्येक वर्ष लेखा परीक्षण पछि निजहरूको हिसाब खातामा जम्मा गर्नु पर्दछ।

**७ विविध**

**७.१ निर्वाचन सम्बन्धी व्यवस्था**

यस समूहको कार्य समिति कायम रहेको अवस्थामा सवहि कार्य समिति कायम नरहेको अवस्थामा सोहि कार्य समितिले र सो समिति कायम नरहेको अवस्थामा साधारण सदस्यहरूको बैठकले निर्वाचन अधिकृत नियुक्त गर्नेछ। सो निर्वाचन अधिकृतले निर्वाचनमा नियुक्ट्ट भएको मितिले १ महिना भित्र निर्वाचन गराई सक्नु पर्नेछ। सो को निर्वाचनमा पर्ने खर्च कार्य समितिले व्यवस्था गर्नेछ। यसमा कार्य समिति पदाधिकारीहरूलाई मतदान वा सहमतीद्धारा साधारण सभाको सदस्यहरूले छान्ने।

**७.२ पदावधी—**

क) कार्य समिति सदस्य तथा पदाधिकारीहरूको पदावधी निर्वाचित मिति देखी २ वर्षको हुनेछ।

ख) सो गठित कार्य समितिको पदावधी समाप्त हुन १ महिना अघि समूहको साधारण सभा बोलाई नयाँ कार्य समितिको चुनाव गराउन अनिवार्य हुनेछ।

ग) कार्य समितिले विधानमा उल्लिखित आफ्नो कार्यकाल समाप्त हुन १ महिना अघि निर्वाचन गराउन नसकेको तथा निजको कार्य अवधी समाप्त भए पछि सो कार्य समितिको सदस्यहरूको समितिले आफ्नो समितिको बैठक बोलाई एउटा तदर्थ समिति खडा गरी सो तदर्थ समितिद्धारा साधारण सभाको बैठक बोलाई नया कार्य समिति गठन गर्नेछ।

घ) कार्य समितिको पदावधी समाप्त हुनु अगावै कार्यरत कार्य समिति कुनै किसिमबाट भंग हुन गएमा भंग भएको कार्य समितिले आफ्नो जिम्मा रहेको कागजपत्र नगद जिन्सी कार्यभार समेत सम्पुर्ण सदस्यको सभा बोलाई अथवा कार्यालय सचिव भए सो

लाई बुझाई सोको भरपाई लिन पर्नेछ। सो नगरेमा यस समूहलई हानी नोक्सानी भएमा सो कार्य समितिका अध्यक्ष र सचिव दुवैले संयुक्त रुपमा व्यहोर्नु पर्ने छ।

**७.३ उम्मेदवारको अयोग्यता**

क) व्यक्ति जो कृषि पेशामा संलग्न छैन।

ख) व्यक्ति जो कृषिको समूहमा छैन।

ग) व्यक्ति जसले समूहको उद्देश्य विपरित कार्य गर्दछ।

घ) व्यक्ति जसको मानसिक अवस्था सामान्य छैन।

ङ) फौजदारी अभियोगमा सजाए पाएको व्यक्ति।

**७.४ अविश्वासको प्रस्ताव –**

साधारण सभाको सदस्यहरू मध्येबाट एक तिहाई सदस्यहरूले कार्य समिति उपर अविश्वासको प्रस्ताव ल्याई दुई तिहाई सदस्यहरूबाट सो प्रस्ताव पारित भएमा कार्य समिति विघटन हुने छ। तर अविश्वासको प्रस्ताव आएमा सफाईको मौकाबाट बञ्चित गरिने छैन।

**७.५ राजिनामा**

यस समूहको अध्यक्षले उपाध्यक्ष(भए) समक्ष वा सचिव समक्ष र अध्यक्ष बाहेक अन्य कार्य समितिका पदाधिकारीहरूले अध्यक्ष समक्ष राजिनामा दिन सक्नेछन। कार्य समितिकव बैठक स्वीकृत नभए सम्म तिनीहरू आफ्ना पदमा बहाली रहीरहनेछन।

**७.६ विधान सशोधन**

समूहको विधान संशोधन गर्न आवश्यकता पर्न आएमा साधारण सभाको सदस्य मध्येका कम्तिमा ५१ प्रतिशत सदस्यको उपस्थितिमा विधान मस्यद्यदा पेश गरिनेछ। सदस्यहरू मध्ये उपस्थिति सदस्यहरू मध्येका दुई तिहाई बहुमतबाट विधान संशोधन मस्यौदा पारित भएमा विधान संशोधन गरिनेछ। साथै संशोधित विधान स्थानीय निकायको कृषि हेर्ने शाखाबाट अनुमोदित नभए सम्म संशोधन मानिनेछैन।

**७.७ नियम बनाउने**

साधारण सभाले आन्तरिक सञ्चालन नियमहरू बनाउने सक्नेछ।

**७.८ उप समितिहरू गठन गर्न सक्नेछ –**

साधारण सभाले एवं कार्य समितिले साधारण सभाको स्वीकृत लिई आफ्ना कार्यक्रमहरू सञ्चालन गरी समूहको उद्देश्य प्राप्त गर्न उप समितिहरू गठन गर्न सक्नेछ।

**७.९ विघटन**

समूहको विधान वमोजिम कार्य सञ्चालन गर्न नसकि वा उद्लेश्य प्राप्त गर्न असफल भए वा २ वर्षा सम्म समूह नविकरण नभएमा समूह विघटन हुने छ। यसरी समूह विघटन भए बचत रकम सम्पुर्ण सदस्यलाई फिर्ता गर्नु पर्नेछ।

**७.१० समूह छोड्नु पर्ने अवस्था/सदस्यको मृत्यु/सदस्यले पाएको अवसर**

कुनै पनि सदस्यले समूह छोड्न चाहेको खण्डमा नाममा संकलन भएको हितकोष रकमबाट ३ प्रतिशत कट्टा गरि बाकी रकम भुक्तानी दिइनेछ। यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेको सम्पुर्ण रकम निजको सवभन्दा नजिकको आफन्तलाई समूहले दिने व्याज सहित फिर्ता दिइनेछ। समूहले कुनै पनि संघ/संस्था/कार्यालयबाट पाएको कुनै पनि अवसर सामग्रीहरू आवश्यकता हेरी समूहको बैठकबाट निर्णय गराई पालो पालो गरी सबै सदस्यले पाउने गरी वितरण गरिनेछ।

**७.११ समूहको चल अचल सम्पत्ति**

समूह विघटन भए पश्चात समूहको चल अचल सम्पत्ति स्थानिकायको कृषि विकास शाखा हेर्ने इकाई को निर्णय वमोजिम हुनेछ। सोको चित्त नबुझी कृषि प्रसार निर्देशनालयमा निवेदन दिएमा कृषि प्रसार निर्देशनालयको निर्णय अन्तिम हुनेछ।

उक्त निर्णय चित्त नबुझेको खण्डमा सम्बन्धित स्थानीय तहको उप मेयर समक्ष निवेदन गर्न सकिनेछ र सो सन्दर्भमा उप मेयरको निर्णय नै अन्तिम हुनेछ।

लेटाङ नगरपालिका, मोरङ

# अनुसूची – ९
## कृषि तथ्यांक संकलन फारम
## किसानको संक्षिप्त बिवरण

(१) निबेदकको नाम :- (१.१) ठेगाना :-

(१.३) मोबाईल नं :-

(२) आफुसँग भएको जमीनको क्षेत्रफल :-

(२.१) खेती गरिएको जमीन;- (२.२) नगरिएको जमीनः-

(३) खेती गरिएका मुख्य बाली र क्षेत्रफल :-

(३.१) खाध्यान्न बाली- (क) धान :- (ख) मकै :- (ग) गहु :-

(घ) कोदो अन्य :- (३.२) खेती लगाएको फलफुल बाली र क्षेत्रफल

(क) (ख) (ग)

(३.३) खेती लगाएको तरकारी बाली र क्षेत्रफल

(क) (ख) (ग)

(३.४) खेती लगाएको नगदेबाली (चिया, कफि, अदुवा, अलैची अन्य)

(क) (ख) (ग)

(३.५) मौरी/च्याउ/ अन्य (क) मौरी :- ...... घार (ख) च्याउ :- बल्ब (ग) अन्य :-

(३.५) अन्य कुनै कृषि कार्य गरेको भए खुलाउने :-

(४) पशुपालन सङ्ख्या (क) गाई;- (ख) भैसीः- (ग) बाखा :-

(घ) कुखुरा :- (ङ) बंगुर :- (च) अन्य :-

(५) परिबार संख्या (क) महिला: (ख) पुरुष :-

कृषि कार्य गर्ने सङ्ख्या :- ...... महिला, ...... पुरुष

(६) सिचाईको सुविधा छ/छैन :-

(७) कृषि कार्यको खर्च आम्दानीको तथ्याङ्क राखने गरेको छ/छैन :-

(८) उत्पादीत कृषि उपजहरू आफैं मात्र उपयोग गर्नु हुन् की बेच्नू पनि हुन्छ ;-

(९) घरमा बैंदेशिक रोजगारीमा गएको भए सो को सङ्ख्या :-

(१०) घरमा आम्दानीको मूख्य श्रोत :-

(११) कृषि कार्य ( ) मानविय साथै पशु श्रम बाट मात्र ( ) आधुनिक उपकरणको प्रयोग बाट ( ) दुवै

(१२) कृषिको बिकास बारेमा सुझावहरू तथा कृषि कार्य गर्दा परेका समस्याहरूः-

# अनुसूची – १०
## अनुदान कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्य योजनाको ढाँचा

कार्यक्रमको नाम –
कृषिफर्म/कम्पनी/समूह/सहकारी/ संस्थाको नाम ;–
व्यवसायक संचालक, अध्यक्ष/प्रतिनिधिको नाम, थरः
सदस्य संख्याः
महिला................ पुरुष..................
जम्मा.......................
ठेगाना :– स्थानीय तह........... गाउँ/टोल :– ........... वडा नं. :– .......

क) सञ्चालन गर्न खोजेको खेती व्यवसायको नाम र स्थान :–
ख) व्यवसायको कार्य उदेश्यहरू :–
१. २. ३.
ग) व्यावसाय सञ्चालन गर्न कूल लगानी :–
घ) खेती /व्यवसायबाट उत्पादन हुने वस्तुहरू :–
ङ) उत्पादित कृषि बस्तुको परिमाण :–
च) बजार योग्य परिमाण :–
ज) खेती/व्यवसाय गर्ने जग्गाको क्षेत्रफल.............. कठ्ठा लाभान्वित घरधुरी संख्या.................
झ) प्रत्यक्ष रोजगारी संख्या...........
कृषि विकास शाखामा माग गरेका कार्यक्रमको विवरण

| क स | विवरण (कार्यक्रम मार्फत के सामग्री सो विवरण अनिवार्य उल्लेख गर्ने) | माग परिमाण | प्रति परिमाण अनुमानित लागत रु | जम्मा अनुमानित लागत रु | नगरपालिकाले व्यहोर्ने लागत साझेदारी | उपभोक्ताले व्यहोर्ने लागत साझेदारी |
|---|---|---|---|---|---|---|
| | | | | | | |

कार्ययोजना पेश गर्नेको
नाम :– संस्थाको
छाप :– पद :– दस्तखत :– सम्पर्क नं. :

लेटाङ नगरपालिका, मोरङ

# अनुसूची - ११

## अनुदान कार्यक्रम सञ्चालनको लागि गरिने सम्झौता-पत्र

लेटाङ नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, कृषि विकास शाखा मार्फत सञ्चालन गरिने चालु आर्थिक बर्ष.......... 'कोस्वीकृत बार्षिक कार्यक्रम कृषि विकास कार्यक्रम अन्तर्गत ................. कार्यक्रम सञ्चालन गर्न लेटाङ नगरपालिका, नगरकार्यापालिकाको कार्यालय (यस पछी पहिलो पक्ष भनिने) र बिशिष्टताको आधारमा छनौट भएका कृषक/उधमी/कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्य सहकारी संस्था श्री ................. ................. (यस पछी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरूको अधिनमा रहि कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ।

**शर्तनामाहरू**

(१) यो सम्झौता पत्र पहिलो पक्ष र दोस्रो पक्ष बीच............................कार्यक्रम कार्यान्वयनको लागि मात्र प्रयोग हुनेछ। यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ । सम्झौता मितिले ७ दिन भित्र कार्य शुरु गर्नुपर्नेछ।

(२) दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र बमोजिमको डिजाइन र इस्टिमेट अनुसार यस कार्यक्रमका लागि सम्झौता भएको (क) कुल रकम रु .................- (अक्षरुपी रु. ................. मात्र।)

(ख) कार्यालयले उपलब्ध गराउने अनुदान रकम ( प्रतिशत वा बढीमा रु... ) अक्षरुपी रु................. मात्र ।

(ग) दोस्रो पक्षले प्राविधिकको सरसल्लाह र स्वीकृत प्रस्ताव बमोजिमको इस्टिमेट अनुसार कार्य सञ्चालन गर्नु पर्नेछ। साथै कार्य सम्पन्न भए पछि मात्र प्रचलित आर्थिक ऐन नियमानुसार करकट्टी गरी रकम भुक्तानी हुनेछ।

(३) भुक्तानीका लागि दोस्रो पक्षले वडाको सिफारिस पत्र, कार्य सम्पन्न प्रतिवेदन, योजना अघि, योजना निर्माण गरिरहदा र योजना सम्पन्न पश्चात्को रंगिन तस्विर, जनश्रमको डोर हाजिरी, सामग्री खरिदको बील तथा भरपाई, दाखिला प्रतिवेदन र समूह/सहकारीको बैठकको निर्णयको प्रतिलिपि सहित भुक्तानीको लागि कार्यालयमा निवेदन गर्नुपर्नेछ । रकम भुक्तानी सम्बन्धित दोस्रो पक्षको बैकको खातामा भुक्तानी दिइनेछ।

(४) दोस्रो पक्षले यसै कार्यक्रमको लागि आफ्नै श्रोत वाहेक कुनै सरकारी, गैह्र सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा पहिलो पक्षलाई जानकारी गराउनु पर्नेछ । दोस्रो पक्षले यस कार्यक्रम वा यसै प्रकृति बमोजिमको कार्यका लागि दोहोरो अनुदान प्राप्त गरि ठगी गरिएको पाएमा सोको जिम्मेवारी दोस्रो पक्षको हुनेछ। साथै दोस्रो पक्षले पहिलो पक्षबाट उपलब्ध गराएको सेवा सुविधाको दुरुपयोग गरी जनगुनासो आएमा सोको सम्पुर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

(५)कार्यक्रमको फरफराक कार्य सम्झौता बमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेट अनुसार) यही आ.व. २०...... ....... को२०............. 'साल..................: 'महिनाको ........... ad भित्र सम्पन्न गरी सक्नुपर्नेछ।

(६) दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देखे गरी अनिवार्य रुपले कार्यक्रमको नाम, अनुदानग्राहीको नाम, ठेगाना, सहयोगी निकायको नाम र अनुदान रकम उल्लिखित होडिङ्ग बोर्ड सबैले देखे गरी राख्नुपर्नेछ ।

(७) कार्यक्रम सञ्चालनको दौरान दोस्रो पक्षको लापरवाहीको कारणबाट कुनै प्रकारको मानविय, भौतिक तथा आर्थिक हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ। साथै कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरू तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

(८) पहिलो पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता मुताबिक कार्य भए/नभएको हेर्न र आवश्यक सरसल्लाह सुझाव दिन सक्नेछ ।

(९) सम्झौता बमोजिमको कार्य नभई रकम दुरुपयोग हुन सक्ने देखिएमा पहिलो पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भङ्ग गर्न र हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ ।

(१०) दोस्रो पक्षले सामग्री खरिद तथा निर्माण कार्यको सार्वजनिक जानकारी Public auditing गराउनुपर्नेछ।

(११) कार्यक्रम सम्पन्न भई हस्तान्तरण भैसकेपछि सोको मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ।

(१२) यस कार्यक्रम सम्बन्धी कुनै बिवाद आएमा कार्यालयको निर्णयनै अन्तिम निर्णय हुनेछ।

(१३) यो सम्झौतामा उल्लेख भएका कुराहरूमा यस वमोजिम र अन्य कुराहरूमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

| दोस्रो पक्षको तर्फबाट | कृषि विकास शाखाको तर्फबाट |
|---|---|
| नामः | नामः:- |
| पदः | पद :- |
| सम्पर्क नं :- | सही |
| संस्थाको छाप | |

**आज्ञाले,**

**विष्णु प्रसाद सुवेदी**

**प्रमुख प्रशासकीय अधिकृत**

**२०८२।०४।३०**